# शोधको परिचय

## १. शोधको परिचयः

### १.१. शोध शीर्षक :

यस शोधपत्रको शीर्षक 'कथाकार गोविन्दबहादुर मल्ल 'गोठाले'को "कथा सङ्ग्रह" को शैली वैज्ञानिक अध्ययन' रहेको छ ।

### १.२. शोधको प्रयोजन :

प्रस्तुत शोधकार्य त्रिभुवन विश्व विद्यालय महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज बाँके अन्तर्गत मानविकी तथा सामाजिक शास्त्र सङ्काय दोस्रो वर्ष नेपाली विषयको दसौं पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

### १.३ विषय परिचय :

गोविन्दबहादुर मल्ल 'गोठाले' को जन्म वि.सं. १९७९ असार २६ गते ओमवहाल काठमाडौँमा भएको थियो । उनी आधुनिक नेपाली साहित्यका दीर्घ तपस्वी हुन् । बाल्यावस्थादेखि नै साहित्यिक वातावरण पाएका गोठालेले जहानियाँ राणा शासनको बेला 'गोठाले' उपनामबाट साहित्य सिर्जना गर्ने गरेको देखिन्छ । उनी नेपाली साहित्यको क्षेत्रमा सुपरिचित र बहुआयामिक व्यक्तित्व हुन् । जीवनमा विभिन्न व्यवसायहरु अँगाल्दा-अँगाल्दै यिनी आधुनिक नेपाली साहित्यका आख्यान क्षेत्रमा विशिष्ट योगदान दिन सफल भएका छन् । आधुनिक नेपाली साहित्यमा मनोवैज्ञानिक सन्दर्भलाई अगाडि बढाउनेहरुमा 'मल्ल' पनि एक हस्ती हुन् ।

उनका हालसम्म पाँच वटा कथा सङ्ग्रह प्रकाशित भएका छन् । जसमा उनको 'कथा-सङ्ग्रह' नामक कथा सङ्ग्रह वि.सं. २००३ सालमा साझा प्रकाशनबाट प्रकाशित भएको थियो । हालसम्म पाँच पटक

संस्करण भइसकेको उक्त कथा सङ्ग्रहमा मल्लका आठ वटा कथा सङ्गृहीत छन् ।

प्रस्तुत शोधमा उक्त कथा सङ्ग्रहको शैली वैज्ञानिक अध्ययन गरिएको छ । यस क्रममा यहाँ शैली विज्ञानको सङ्क्षिप्त परिचय दिन सान्दर्भिक हुन्छ । अङ्ग्रेजी भाषाको 'स्टाइल' शब्दको नेपाली रुपान्तर नै शैली हो । 'अङ्ग्रेजी 'स्टाइल' शब्द ल्याटिन भाषाको 'स्टिल' शब्द बाट व्युत्पत्ति भएको हो भने पूर्वमा शैली शब्द संस्कृतको शील् शब्दबाट निर्मित भएको देखिन्छ ।'[१] शैली कुनै रचनाकारको विशिष्ट रचना प्रकार हो । यो सामान्य नभएर विशिष्ट हुन्छ । यसमा सामान्य भाषा ( मानक भाषा) को अतिक्रमण हुन्छ ।

शैलीको विषयमा वस्तुनिष्ठ र वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई शैली विज्ञान भनिन्छ । कुनै पनि कृतिको शैली वैज्ञानिक विश्लेषण गर्दा निम्न प्रक्रिया अपनाइन्छ-

- साहित्यिक संरचना
  - बनोट
  - बुनोट
- शैली
  - (क) चयन
  - (ख) अग्रभूमि निर्माण
    - १. समानान्तरता
    - २. विचलन
  - (ग) विविधता
    - १. व्याकरण व्यवस्था
    - २. शब्द व्यवस्था
    - ३. ध्वनि व्यवस्था
- भाषा संरचना

१ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, नेपाली साहित्यको सङ्क्षिप्त इतिहास (काठमाडौँ: भुँडीपुराण प्रकाशन, २०६४) पृष्ठ १

## २. समस्या कथन :

प्रस्तुत शोधकार्यमा निम्न समस्याहरुको बारेमा अध्ययन गरिएको छ :

क) कथाकार गोविन्दबहादुर मल्लको जीवनी, व्यक्तित्व, कृतित्व र कथागत विशेषताहरु के-के छन् ?

ख) शैली विज्ञानको सैद्धान्तिक पक्ष कस्तो छ ?

ग) 'कथा-सङ्ग्रह' मा सङगृहीत कथाहरुका शैली वैज्ञानिक पक्ष के कस्ता रहेका छन् ?

## ३. शोधको उद्देश्य :

यस शोधका निम्न उद्देश्यहरु रहेका छन् :

क) कथाकार गोविन्दबहादुर मल्लको व्यक्तित्व, कृतित्व र विशेषताहरुको अध्ययन गर्नु,

ख) शैली विज्ञानको सैद्धान्तिक पक्षको अध्ययन गर्नु ,

ख) 'गोठाले' को 'कथा-सङ्ग्रह' नामक कथा सङ्ग्रहको शैली वैज्ञानिक पक्षको अध्ययन गर्नु,

## ४. पूर्व कार्यको समीक्षा

नेपाली साहित्यको क्षेत्रमा गोविन्दबहादुर मल्ल 'गोठाले' सुपरिचित र बहुआयामिक व्यक्तित्व हुन् । उनले कथा, नाटक, एकाङ्की, उपन्यास आदि जस्ता विधामा कलम चलाएका छन् । समाजसेवी तथा शिक्षाप्रेमी ऋद्धिबहादुर मल्लका छोराको रुपमा वि.स. १९७९ असार २६ ओमवहाल काठमाडौँमा उनी जन्मेका थिए । समाजसेवी तथा शिक्षाप्रेमी बाबुको छोरा भई जन्मने शौभाग्य प्राप्त गरेका 'गोठाले' लाई नेपाली साहित्यको क्षेत्रमा अवतरण हुन केही गाह्रो परेन र वि.स. १९९७ सालमा शारदा पत्रिकामा 'त्यसको भाले' नामक कथा प्रकाशन गरी कथा क्षेत्रमा उदाएका 'गोठाले' का ३ वटा कथा सङ्ग्रह प्रकाशित

छन् । यी पाँच वटा कथा सङ्ग्रह मध्ये एउटा कथासङ्ग्रह हो - कथा सङ्ग्रह । यो वि.सं. २००३ सालमा प्रकाशित भएको थियो । यस कथा सङ्ग्रहमा ८ वटा कथाहरु समावेश गरिएका छन् । प्रायः सबै कथाहरु मनोविश्लेषणवादसँग सामीप्यता राख्छन् । यस कथा सङ्ग्रहका कथाहरुमा समस्यामूलकता, बाल मनोविश्लेषणात्मकता, क्षीण कथानकता, पात्रगत अल्पता, सहरिया परिवेश जस्ता प्रवृत्तिहरु यत्रतत्र सर्वत्र पाइन्छ । 'गोठाले' को उक्त कथा सङ्ग्रहको बारेमा निरपेक्षरुपमा कुनै पनि समालोचक, समीक्षक, टिप्पणीकार तथा ग्रन्थकारले खासै टिप्पणी गरेको पाईदैन । यति हुँदाहुँदै पनि यस कथा-सङ्ग्रहमा समावेश गरिएका केही कथाहरुका बारेमा विभिन्न पत्रपत्रिका पुस्तकहरुमा व्यक्त गरिएका केही अभिव्यक्तिहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ -

१) समालोचक डा. केशवप्रसाद उपाध्यायले आफ्नो समालोचनात्मक कृति 'विचार र व्याख्या' भन्ने पुस्तकमा गोविन्दबहादुर मल्ललाई सहरिया परिवेशलाई फोटोग्राफिक रुपमा उतार्ने कथाकारको रुपमा चित्रण गरेका छन् ।[२]

२) सम्पादक गुणाकर भुसालले 'नेपाली आख्यान' भन्ने पुस्तकमा गोठालेलाई बाल मनोविज्ञानमा कलम चलाउने सिद्धहस्त कथाकार भनी टिप्पणी गरेका छन् ।[३]

३) लेखक तथा ग्रन्थकार भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहालले 'नेपाली कथा र उपन्यास' नामक पुस्तक 'निन्द्रा आएन' कथाको बारेमा निम्न टिप्पणी गरेको पाइन्छ :[४]

---

२ केशव प्रसाद उपाध्याय, विचार र व्याख्या, (काठमाडौंः पुस्तक संसार, २०३०) पृष्ठ २९ ।

३ गुणाकर भूसाल, नेपाली आख्यान (काठमाडौंः क्षितिज प्रकाशन, २०५९) पृष्ठ ४१ ।

४ भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहाल, नेपाली कथा र उपन्यास (काठमाडौंः अस्मिता पब्लिकेशन, २०६६) पृष्ठ ३५ ।

सामाजिक अन्धविश्वास र परिवारबाट हुने बालकहरुप्रतिको असन्तुष्ट व्यवहारबाट निर्दोष र निश्छल बाल-हृदयमा पुगेको मानसिक चोट र त्यसबाट उत्पन्न भएका विसङ्गत बाल व्यवहारको प्रभावकारी वर्णन गरिएको कथा हो, निद्रा आएन ।

४) समालोचक तथा लेखक मोहनराज शर्मा र दयाराम श्रेष्ठद्वारा प्रकाशित 'नेपाली साहित्यको संक्षिप्त इतिहास' नामक पुस्तकमा गोठालेलाई समस्यामूलक कथा लेख्ने साहित्यकारको रुपमा चित्रण गरेको पाइन्छ ।[५]

५) 'नेपाली साहित्यको इतिहास' नामक पुस्तकमा तारानाथ शर्माले गोठालेलाई क्षीण विषयबस्तुलाई लिएर तिलको पहाड बनाउन सक्ने क्षमतावान् कथाकारको रुपमा चित्रण गरेका छन् ।[६]

६) लेखक, सङ्कलक तथा सम्पादकहरु रामप्रसाद ज्ञवाली, गणेश प्रसाद भट्टराई र टङ्कराज आचार्यले 'नेपाली कविता नाटक र साहित्यको इतिहास' नामक पुस्तकमा गोविन्दबहादुर मल्ल 'गोठाले' पात्रअनुकूल, कथाअनुकूल र परिवेशअनुकूलको भाषाशैली चयन गर्नमा विशिष्ट छन् भनी उल्लेख गरेका छन् ।[७]

७) गरिमा, वर्ष २९, अङ्क २, पूर्णाङ्क ३३८, माघ (२०६७) डा. दयाराम श्रेष्ठले प्रस्तुत गरेका लेख/टिप्पणीमा यस्तो भनिएको छ :[८]

---

५ मोहनराज शर्मा र दयाराम श्रेष्ठ, नेपाली साहित्यको संक्षिप्त इतिहास (काठमाडौँः साझा प्रकाशन, २०३९) पृष्ठ ९१ ।

६ तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास (काठमाडौँः उतसग्र प्रकाशन, २०५४) पृष्ठ २४ ।

७ रामप्रसाद ज्ञवाली र अन्य, नेपाली कविता, नाटक र साहित्यको इतिहास (काठमाडौँः भुँडीपुराण प्रकाशन, २०६४) पृष्ठ २४ ।

८ दयाराम श्रेष्ठ, "गोठालेः एक दृष्टि" गरिमा, (वर्ष २९  अंक २, २०५० असोज) पृष्ठ ४९ ।

आधुनिक कथाकार गोविन्दबहादुर मल्ल ‘गोठाले’ (वि.सं.१९७९-२०६७) को कथालेखनको मूल क्षेत्र हो समाज-मनोविज्ञान । सामाजिक संस्कारबाट मानिएको मनोलोकमा पर्ने प्रभावबाट सिर्जित अन्तरद्वन्दलाई विषय बनाएर उनले दर्जनौँ कथा लेखेका छन् । त्यसैले उनका कथाहरुको एउटा पक्ष समाज हो भन्ने अर्को पक्ष हो मनोविज्ञान ।

८) लेखक तथा समालोचक प्रा.डा. रामचन्द्र भट्टराई र श्रीप्रसाद कँडेलले ‘नेपाली गद्य’ नामक पुस्तकमा ‘गोठाले’ द्वारा लिखित ‘कृष्णे र खुकुरी’ कथाको बारेमा निम्न कुरा भनेका छन् :

यो कथा अपराध मनोविज्ञानमा आधारित कथा हो । यसको कथात्मक शिल्प अत्यन्त सूक्ष्म खालको छ । कथामा प्रतीकात्मकता यत्रतत्र सर्वत्र छताछुल्ल भएको छ ।

९) ‘नेपाली गद्य भाषा र साहित्य’ नामक पुस्तकमा प्रा.डा. केदारप्रसाद शर्मा, सालिकराम पौड्याल, जगदीश गैरे, प्रेम प्रसाद तिवारी र विनोद खनालले ‘गोठाले’ द्वारा लिखित ‘लक्ष्मीपुजाकथाको विश्लेषण बारेमा आफ्ना विचार यसरी व्यक्त गरेका छन् :

प्रस्तुत कथा निम्न वर्गीय परिवारको समस्यालाई प्रस्तुत गरिएको वाल मनोविज्ञानमा आधारित कथा हो । यस कथामा पात्रगत अल्पता पाइन्छ । यस कथाको परिवेश काठमाडौँको सहरिया निम्न वर्गीय परिवार रहेको छ । आर्थिक अभावमा पिल्सिएको र आमाको रेखदेखमा हुर्किएको एउटा टुहुरो बालक लालको मनोविश्लेषण गरिएको छ । कथाको भाषा सरल र प्रवाहमय छ । दृष्टिविन्दु वाह्य रहेको छ ।

## ५) शोधपत्रको औचित्य र महत्व

नेपाली नाटक, एकाङ्की, कथा र उपन्यास परम्परामा गोविन्दबहादुर मल्ल 'गोठाले' को योगदान महत्वपूर्ण छ । गोठाले मूलतः मनोविश्लेषणवादी साहित्यक धरातलमा उभिएर साहित्यको रचना गर्छन् । प्रस्तुत शोध एम्.ए. दोस्रो वर्ष (नेपाली विषय) दसौँ पत्रको पाठ्यभार पूरा गर्ने प्रयोजनार्थ प्रस्तुत गरिको छ, तापनि यस शोधबाट गोठालेका कथागत प्रवृति सिक्न चाहने विद्यार्थी, प्राध्यापक, शिक्षक, बुद्धिजीवी तथा पाठकहरुलाई समेत नगण्यरुपमा भएपनि सहयोग पुऱ्याउने छ । यस कथा सङ्ग्रहको हालसम्म शैलीवैज्ञानिक अध्ययन गरिएको छैन । प्रस्तुत कथा-सङ्ग्रहको संरचना एवं शैली शिल्पको सैद्धान्तिक आधारमा विश्लेषण गरी नयाँ दृष्टिकोण निरुपण गरिने भएकोले यो शोधकार्य औचित्यपूर्ण तथा ओजपूर्ण हुन्छ । 'कथा-सङ्ग्रह' को शैलीवैज्ञानिक अध्ययन हुने भएकोले गोठालेको शैलीशिल्प पक्ष कस्तो छ भन्ने जानकारी प्राप्त हुनेछ । यस शोधकार्य शिक्षण सिकाइ प्रक्रियामा समेत धेरथोर सहयोग पुऱ्याउने आशा गर्न सकिन्छ ।

## ६) सीमाङ्कनः

कथाकार गोविन्दबहादुर मल्ल 'गोठाले'को कथा-सङ्ग्रह-नामक कथा सङ्ग्रहको शैली वैज्ञानिक अध्ययनमा मात्र सिमित रहनु प्रस्तुत शोध कार्यको सीमा रहेको छ ।

## ७) सामग्री सङ्कलन विधिः

प्रस्तुत शोधकार्यमा मूलतः पुस्तकालय विधिलाई नै उपयोग गरिको छ । यसका अतिरिक्त प्राज्ञ, विशेषज्ञ प्राध्यापकको राय, सुझाव तथा सल्लाहलाई समेत शोधको सिलसिलामा उपयोग गरिएको छ ।

## ८) सैद्धान्तिक ढाँचा र शोध विधि :

प्रस्तुत शोधकार्यमा मुख्यरुपमा शैली वैज्ञानिक विश्लेषण पद्धति अनुशरण गरिएको छ । आवश्यकताअनुसार अन्य विधिको समेत उपयोग गरिएको छ ।

## ९) शोधपत्रको रुपरेखा :

शोधपत्रको रुपरेखा यस प्रकार रहेको छ ।

| | | | |
|---|---|---|---|
| क) | **पहिलो परिच्छेद** | : | शोध परिचय |
| ख) | **दोस्रो परिच्छेद** | : | कथाकार गोविन्दबहादुर मल्लको सङ्क्षिप्त परिचय र कथागत प्रवृत्तिहरू |
| ग) | **तेस्रो परिच्छेद** | : | शैली विज्ञानको सैद्धान्तिक पक्षको अध्ययन |
| घ) | **चौथो परिच्छेद** | : | 'कथा-सङ्ग्रह' (२००३) को शैली वैज्ञानिक अध्ययन |
| ङ) | **पाचौँ परिच्छेद** | : | निष्कर्ष |

## २. कथाकार गोविन्दबहादुर मल्ल 'गोठाले' को जीवनी, व्यक्तित्व, कृतित्व र कथागत विशेषताहरु :

कथाकार गोविन्दबहादुर मल्ल 'गोठाले' को जन्म वि.सं. १९७९ सालमा काठमाडौँमा भएको हो । उनले थुप्रै कथा, उपन्यास, नाटक लेखेर नेपाली साहित्यमा विशिष्ट योगदान दिएका छन् । आइ, एस्सीसम्म अध्ययन गरेका गोठालेको पहिलो कथा 'त्यसको भाले' हो र वि.सं. १९९७ सालको 'शारदा' पत्रिकामा यसको प्रकाशन भएको हो । उनी त्रिभुवन प्रज्ञा पुरस्कार (२०४२), भवानी साहित्यिक पत्रकारिता पुरस्कार (२०४५), वेदनिधि पुरस्कार (२०४८), पाण्डुलिपि पुरस्कार (२०५३), बाट विभूषित छन् । उनका हालसम्म कथा सङ्ग्रह (२००३), कथैकथा (२०१६), प्रेम र मृत्यु (२०३९), बाह्र कथा (२०५२) र जङ्गबहादुर र हिरण्यगर्भकुमारी (२०६१) कथा सङ्ग्रहहरु प्रकाशित भइसकेका छन् ।

घरायसी साहित्यिक वातारवण र प्रेरणाबाट नै उनी साहित्यप्रति उन्मुख भएको कुरा उनका बाबुको साहित्यिक व्यक्तित्व र घरमा स्थापना भएको छापाखानाबाट पुष्टि हुन्छ । वि.सं.१९९६ देखि सह-सम्पादक बनेर बुबाको काम सघाउँन थालेका गोठाले १९९७ साल देखि बाल मनोवैज्ञानिक कथाका माध्यमबाट साहित्यकारमा झुल्किन्छन् । वि.सं. १९९७ सालमा शारदा पत्रिकामा प्रकाशित 'त्यसको भाले' उनको पहिलो कथा हो । वि.सं. १९९७ सालमा 'त्यसको भाले' शीर्षक कथाबाट सुरु भएको कथा यात्रा अहिले हेर्दा कथा फाँटमा पाँचवटा कथा सङ्ग्रह प्रकाशित भइ सकेका छन् । ती हुन् -

१. कथा सङ्ग्रह (वि.सं. २००४)

२. कथैकथा (वि.सं.२०१६)

३. प्रेम र मृत्यु (वि.सं.२०१४

४. बाह्व कथा (वि.सं.२०५२)

५. जङ्गबहादुर र हिरण्यगर्भकुमारी (वि.सं.२०९१)

सुरु-सुरुमा उनी छद्म नामबाट साहित्यमा देखा परेका हुन् । गोठालेको साहित्यिक व्यक्तित्व निर्माणका लागि भाषासेवी, जातिसेवी, राष्ट्रप्रेमी सचेत पिताको प्रेरणा र साधन सम्पन्न, सुविधा सम्पन्न वातारवणले पनि महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । उनी प्रारम्भमा बाल मनोवैज्ञानिक कथाकारका रुपमा नेपाली पाठकसँग परिचित हुन्छन् । कथाकार बालकृष्ण समले 'तलतल' नामक कथाको माध्यमबाट नेपाली साहित्यमा सर्वप्रथम थालनी गरेको बाल मनोवैज्ञानिक प्रवृत्तिको कथा लेखनलाई पछि गोठालेले मनोवैज्ञानिक तथा यौन मनोविज्ञानिक कथा लेखन तर्फ सक्रियताका साथ अग्रसर हुन्छन् । उनी त्रिभुवन प्रज्ञा पुरस्कार (२०४२), भवानी साहित्यिक पत्रपत्रिका पुरस्कार (२०४५), वेदनिधि पुरस्कार (२०४८), पाण्डुलिपि पुरस्कार (२०५३) बाट विभूषित भएका छन् । उनको साहित्यिक व्यक्तित्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

## २.१ नाटककार तथा एकाङ्कीकार व्यक्तित्व :

आधुनिक नेपाली नाटकमा गोठाले पनि एक सशक्त नाटककार हुन् । आधुनिक नेपाली नाटकमा सामाजिक यथार्थवादी धाराको वर्चस्व रहेको र प्रगतिवादी धाराको मिर्मिरे देखा परेको क्षणमा नाटककार गोठालेको 'भुसको आगो' (वि.सं.२०१३) नाटक प्रकाशित भएपछि मनोवैज्ञानिक तथा मनोविश्लेषणात्मक धाराको सुत्रपात भएको हो भन्ने मानिन्छ । गोठालेले पाश्चात्य मनोविश्लेषणवादी दार्शनिकहरु फ्रायड, एडलर, युङ्गका चिन्तनहरुको प्रयोग गरी नाटक लेखेका छन् । उनीद्वारा पात्रहरुको मनोलोकको यात्रा गर्दै सामाजिक विकृति र विसङ्गतिको मार्मिक तथा

कलात्मक ढङ्गले नेपाली नाटकलाई एउटा नयाँ चरणमा प्रवेश गराइयो भने नवीन धाराले सिँगार्ने काम गरियो । गोठालेका हालसम्म प्रकाशित नाट्यकृतिहरु यस प्रकार छन-

'भुसको आगो' (वि.सं. २०१६)

'च्यातिएको पर्दा' (वि.सं. २०१७)

'दोष कसैको छैन' (वि.सं. २०२७)

गोठाले एक सफल एकाङ्कीकार पनि हुन् । उनले नेपाली एकाङ्कीको भकारीलाई भर्ने भरमग्दुर सत्प्रयास गरेको पाइन्छ । पात्रको मनोविश्लेषणलाई मुख्य आधार बनाएर एकाङ्कीको रचना गर्ने गोठालेका एकाङ्कीमा पात्रको घात प्रतिघातजन्य द्वन्द्व र अन्तरद्वन्द्व पाइन्छ । उनले काठमाडौँ उपत्यकाका मध्यम वर्गीय नेवारी समाजको सफल चित्रण गरेको छन् । मूलतः नेवारी समाजको यथार्थलाई एकाङ्कीको विषवस्तु बनाउँदै पात्रहरुको मानसिक चिरफार र उद्घाटन गर्न उनी निकै खप्पिस देखिन्छन् । काठमाडौँ उपत्यकाका वासिन्दाहरुको साथै नेवारी समाजभित्र व्याप्त समस्यालाई नै उनी आफना कृतिको मूल केन्द्रविन्दु बनाउने गर्छन् । गोठाले एकाङ्कीमा बौद्धिक र चिन्तनशील पात्रको प्रयोग गर्दै पुराना, मक्किएका र थोत्रिएका समाजिक मान्यताप्रति तीब्र विरोध गर्दै कलात्मकरुपमा नवीन सामाजिक मान्यतालाई प्रतिस्थापन गराउन चाहने आधुनिक एकाङ्कीकार हुन् । उनका हालसम्म भोको घर (२०३४) नामक एकाङ्की सङ्ग्रह प्रकाशित छ

## २.२ उपन्यासकार व्यक्तित्वः

बहुआयामिक व्यक्तित्वका धनी गोठाले एक सशक्त उपन्यासका पनि हुन् । उपन्यासको क्षेत्रमा पनि उनले कलम जोडदाररुपले चलेको देखिन्छ । उपन्यासको क्षेत्रमा मूलतः अतियथार्थवाद र मनोवैज्ञानिक चिन्तनसँग

गोठालेको उपन्यासकारिताले सामिप्यता राखेको देखिन्छ । उनले आफ्ना उपन्यासमा अतियथार्थको आधारभूमिमा फ्रायडको अचेतन र स्वप्न सिद्धान्तलाई सफल प्रयोग गरेका छन् । समाजको बाह्न्य पक्ष होइन आन्तरिक पक्षको चित्रणमा रमाउँछन् । स्वतः स्फूर्त लेखन, काल्पनिकताको प्रयोग, मानवीय आन्तरिक यथार्थ, मनोजगतको उद्घाटन, स्वप्निल र तन्द्राको प्रयोग, यान्त्रिक सम्यता र परम्परित जीवन पद्धतिप्रति घृणा तथा उपेक्षा चेतनप्रवाह शैली नै गोठालेका औपन्यासिक प्रकृति हुन् । उनका प्रकाशित उपन्यासहरु 'पल्लो घरको झ्याल' (२०१९), 'अर्पणा' (२०५३) हुन् ।

## २.३ कथाकार गोठालेका प्रवृत्ति तथा विशेषताहरुः

कथाकार गोठाले नेपाली कथाविधामा भिन्न शैली र पाराका कथा लेख्ने व्यक्ति हुन् । उनले मनोविज्ञान र सामाजिक यथार्थलाई समेत सँगसँगै आफना कथामा प्रयोग गरेका छन् । उनका प्रमुख प्रवृत्ति तथा विशेषताहरु यस प्रकार छन्ः

### २.३.१ कथामा बाल मनोविज्ञान :

गोठाले मनोवैज्ञानिक कथाकार हुन् तापनि उनको विशेष अभिरुचि बाल मनोविश्लेषणमा केन्द्रित रहेको पाइन्छ । उनको पहिलो कथा 'त्यसको भाले' (१९९७) पनि बाल मनोवैज्ञानिक कथा हो । आफ्ना कथाका माध्यमबाट बालकहरुको कोमल अन्तर्मन स्थितिको सूक्ष्म विश्लेषण गर्न उनी निकै सफल भएका छन् । निद्रा आएन, लक्ष्मीपुजा, परमेश्वर छन् आदि कथाहरु उनका सफल चर्चित बाल मनोवैज्ञानिक कथा हुन् ।

### २.३.२ कथामा सामाजिक पक्षः

सामाजिकता उनका कथाको अर्को विशेषता हो । उनले आफना कथाहरुमा सामाजिक मूल्य र मान्यताहरुलाई प्रस्तुत गरेका छन् । उनले सामाजिक परम्परा, रीतिस्थिति, संस्कृति आदिलाई आधार बनाएर कथारचना गरेका छन् । उनले काठमाडौँ उपत्यकाको समाजलाई आफना कथामा चित्रण गरेका छन् । यस्तै समाजका निम्न, मध्यम वर्गीय पात्रहरुप्रति उनको विशेष सहानुभूति रहेको पाइन्छ । विशेषतः उपत्यकाको नेवारी जनजीवन र संस्कृतिलाई कथामा उतार्ने काम उनले गरेका छन् । उहाँको धार्मिक मान्यता, अन्धविश्वास आदिको चित्रण पनि उनका कथामा पाइन्छ ।

### २.३.३ बाल जगतका समस्याको विश्लेषणः

अन्य प्रौढहरुको भन्दा बालकहरुका समस्याहरु भिन्न र विशिष्ट खालका हुन्छन् । उनीहरुको भावना र संवेदनशीलता अन्य मानिसको भन्दा पृथक् हुन्छ । बाल जगतका यस्ता समस्याहरुको विश्लेषण गर्न उनी निकै सिपालु छन् । 'लक्ष्मीपुजा' कथा पनि बाल जगतका समस्याहरुको विश्लेषण गरिएको सशक्त कथा हो । आर्थिक समस्याले गर्दा 'लक्ष्मीपुजा' मनाउन नपाएको लालका कुण्ठित इच्छा, भावना र चिन्तनहरुलाई यहाँ राम्ररी प्रस्तुत गरिएको छ ।

### २.३.४ यौन इच्छा र अनुभूतिको चित्रणः

कथाकार गोठाले सिग्मन्ड फ्रायड, कार्ल युङ आदिबाट प्रभावित छन् । उनले आफ्ना कथामा यौन मनोविज्ञानको पनि प्रयोग गरेका छन् । व्यक्तिमा अन्तर्निहित दमित यौनइच्छा र अनुभूतिको विश्लेषण पनि उनका कथामा पाइन्छ । मानवीय मनका केस्रा-केस्रा केलाएर उसमा

दमित इच्छा र उनको मानसिकताको विश्लेषण गर्नु उनको विशेषता हो ।

## २.३.५ पाश्चात्य शैलीको प्रयोगः

कथाकार गोठाले पूर्वीयभन्दा पाश्चात्य ढाँचाको शैलीका प्रयोग गर्दै कथा लेख्न मन पाउँछन् । उनका कथामा नेवारी ढाँचाका शब्द तथा वाक्यहरु प्रशस्त पाइन्छन् । सरल, सहज र मिठो भाषा प्रयोग गर्नु उनको विशेषता हो

## २.३.६ अपराध मनोविज्ञानको विश्लेषणः

कथाकार गोविन्दबहादुर मल्ल 'गोठाले' का कथाहरुमा अपराध मनोविज्ञानको विश्लेषण गरिएको पाइन्छ । उनका केही कथाका पात्रहरु अपराधी मनस्थितिबाट ग्रस्त छन् । कथाकार गोठालेले अपराधीहरुको असामान्य मनोदशाको सूक्ष्माति-सूक्ष्म विश्लेषण गरेका छन् । 'कृष्णे र खुकुरी' मैले सरिताको हत्या गरे, ज्यानमारा आदि कथाहरुमा अपराध मनोविज्ञानको उपयोग गरिएको पाइन्छ । 'कृष्णे र खुकुरी' कथामा कृष्णेको मानसिक दुर्बलता र अति भावुकताको चित्रण गरिएको छ । ऊ अति भावुकतामैँ अल्झिएर निर्दोष, निष्कलङ्क श्रीमतीको हत्या गर्छ र असचेत रुपमा हत्यारा अपराधीको दर्जामा दरिन पुग्छ

यस्तै सामाजिक मनोविज्ञान, विविधता, काठमाडौँ उपत्यकामा आधारित परिवेशको चित्रण, निम्नवर्गीय पात्रप्रति सहानुभूति उनका कथामा पाइने मूलभूत प्रवृत्ति हुन् ।

## २.४ निष्कर्षः

वि.सं. १९७९ ओमबहाल, काठमाडौँमा जन्मिएका गोविन्दबहादुर 'गोठाले' को बुवा शिक्षा प्रेमी साहित्यप्रेमी र समाजसेवी र घरैमा छापाखाना हुनुले उनलाई सहित्य सिर्जनामा लाग्न प्रेरणा मिलेको देखिन्छ । आई.एस्सी. सम्म अध्ययन गरेको मल्लले वि.सं. १९९७ सालमा शारदा पत्रिकामा 'त्यसको भाले' नामक कथा छपाएर साहित्य साधनामा प्रवेश गरेका हुन् ।

उनी बहुचर्चित र बहुआयामिक व्यक्तित्व भएका साहित्यकार हुन् । उनले मुख्य गरी मनोवैज्ञानिक चिन्तनमा कथा लेखेको देखिन्छ । त्रिभुवन प्रज्ञा पुरस्कार (२०४२), भवानी साहित्यिक पत्रकारिता पुरस्कार (२०४५), वेदनिधि पुरस्कार (२०४८), पाण्डुलिपी पुरस्कार (२०५३) बाट विभूषित गोठालेका हालसम्म निम्न सिर्जनाहरु प्रकाशित भएका छन् ।

**कथा सङ्ग्रहः-** कथा-सङ्ग्रह (२००३),
कथैकथा (२०१९),
प्रेम र मृत्यु (२०३९),
बाह्र कथा (२०५२),
जङ्गबहादुर र हिरण्यगर्भकुमारी (२०६१)

**नाटक :-** भुसको आगो (२०१६),
च्यातिएको पर्दा (२०१७),
दोष कसैको छैन (२०२७),
भोको घर (एकाङ्की सङ्ग्रह २०५४)

**उपन्यास :-** पल्लो घरको झ्याल (२०१६),
अर्पणा (२०५३)

बाल मनोविज्ञानको प्रयोग, सामाजिकता, बाल जगत्को समस्याको विश्लेषण, यौनइच्छा र अनुभूतिको चित्रण, पाश्चात्य शैलीको प्रयोग, अपराध मनोविज्ञानको विश्लेषण, अन्तरजगत्को चित्रण आदि गोठालेका साहित्यिक प्रवृत्तिहरु हुन् ।

## ३. शैली विज्ञानको सैद्धान्तिक परिचयः

'अङ्ग्रेजी 'स्टाइल' शब्दको व्युत्पत्ति ल्याटिन 'स्टिलस' शब्दबाट गरिन्छ । यस शब्दको उपस्थिति अवेस्तामा 'स्टेरा' (चुली) का रुपमा र ग्रिसेलीमा 'स्टाइलोस' (स्तम्भ) का रुपमा भएको पाइन्छ ।'[९] पश्चिममा ल्याटिन शब्द 'स्टिलस' को प्रयोग 'मइनमाथि लेख्न बनाइएको हाड वा धातुको कलम' भन्ने अर्थमा गरिएको छ । पछि मात्र अर्का परिवर्तन भई 'स्टाइल' शब्दको वर्तमान अर्थ ग्रहण गरेको हो ।

पूर्वमा 'शैली' शब्द संस्कृतको 'शील्' शब्दबाट निर्मित भएको हो भन्ने ठहर गरिएको पाइन्छ । 'शी' धातुमा 'लक' प्रत्ययको योगबाट शील शब्दको व्युत्पन्न भएको मानिन्छ ।[१०]

शैलीलाई निम्न तिन दृष्टिबाट परिभाषित गरिएको पाइन्छ ।

(१) **वर्ण्य विषयः-**

शैली त्यसलाई भनिन्छ जसले सामान्य भाषाको संरचनालाई अतिक्रमण गर्छ ।

(२) **रचना विधानः-**

शैली एक भन्दा बढी भाषिक एकाइको सौन्दर्य बोधक समुच्चय हो ।

(३) **रचयिता :-**

शैली कुनै रचनाकारको विशिष्ट रचना प्रकार हो ।

९ रामनाथ ओझा र मधुसूदन गिरी, शोध सृजना र संस्कृत काव्यशास्त्र (काठमाडौँः न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०५८) पृष्ठ २२ ।

१० रामप्रसाद कँडेल, मोदि आइन उपन्यासको शैली वैज्ञानिक अध्ययन, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि. २०६५) पृष्ठ ।

## ३.१ शैलीका केही आधुनिक परिभाषाहरुः

शैलीलाई विभिन्न किसिमबाट परिभाषित गरिएको पाइन्छ । विभिन्न दृष्टिबाट गरिएका मुख्य मुख्य परिभाषाहरु तल प्रस्तुत छन्ः

### १) शैली चयन हो ।[११]

**(क) अर्किवबाल्ड ए. हिलः**

शैली समान एकाइहरुका माझबाट गरिने त्यस्तो चयन हो, जो भाषाद्वारा प्रत्येक भाषिक स्थितिमा प्रयोक्तालाई उपलब्ध गराइन्छ ( **इन्ट्रोडक्सन टु लिङ्गविस्टिक स्ट्रक्चर्ज**) ।

**(ख) चार्ल्स इ. अस्गुडः**

शैलीका विद्यार्थीको अभिरुचि चयनको साङ्ख्यिकीय गुणमा हुन्छ । चयनमा यिनै हदसम्म मुक्तता रहन्छ ('सम इफेक्ट्स अफ मोटिभेसन अन स्टाइल अफ इनकोडिङ', **स्टाइल इन ल्याङ्ग्वेज**) ।

**(ग) रिचर्ड्स ओहम्यानः**

शैली परिधीय अलङ्करण नभएर ज्ञानात्मक चयन हो । शैलीको अध्ययनले कृतिकारको सबैभन्दा बढी स्थायी ज्ञानात्मक स्थितिलाई बुझ्न बाटो देखाउँछ (**शा : द स्टायल एन्ड द म्याद**) ।

११ मोहनराज शर्मा, शैली विज्ञान (काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४९) पृष्ठ २६ ।

(घ) **रोजर फाउलरः**

शैली भाषाको संरचनामा चलहरुको परिचालनमा अथवा वैकल्पिक वा अन्तर्निहित अभिलक्षणहरुको चयनमा निहित हुन्छ । ( 'हिङ्ग्विस्टिक थियरी एन्ड द स्टडी अफ लिटरेचर', **एसेज अफ स्टाइल एन्ड ल्याङ्ग्वेज**) ।

(ङ) **जे. डब्लु टर्नर :**

शैलीका समस्त धारणाहरुको आधारभूत तत्त्व चयन हो भन्ने देखिन्छ । (**स्टाइलिस्टिक्स**) ।

(च) **राल्फ स्याण्डेलः**

शैली भाषाको अर्थेतर चयनको विशिष्ट कौशल हो ( **लिङ्ग्विस्टिक, स्टाइल एन्ड पर्सुएसन**) ।

(छ) **लियो हिक्कीः**

शैली भाषिक अभिलक्षणहरुको चयनको परिणाम हो (**प्राग्मेटिक्स अफ स्टाइल**) ।

## २) शैली चयन र संयोजन हो ।[१२]

(क) **एल. टी. मिलिकः**

शैली भाषिक साधनहरुको त्यस्तो वैयक्तिक चयन हो, जसलाई सारपूर्ण वैयक्तिक विभिन्नताहरुको संयोजनद्वारा बलपूर्वक उपस्थित

गरिन्छ ('अनकन्सस् अर्डरिङ इन द प्रोज अफ स्विफ्ट', **कम्प्यूटर एन्ड लिटररी स्टाइल**) ।

---

१२ ऐजन ।

(ख) **डी. लिखासेभः**

शैली यथार्थको प्रत्यक्ष र त्यस कलात्मक पद्धतिको संयोजन हो, जसको चयन सर्जकले गर्छ (**द पोएटिक्स अफ एसियन-रसन लिटरेचर**)

(ग) **मिस माइल्सः**

शैलीले चयनलाई अपरिहार्य तुल्याउँछ । जसले कथ्य र अभिव्यक्ति दुबै स्तरमा सामग्री छान्ने र त्यसको संयोजन गर्ने कार्य गर्छ ('स्टाइल ऐज स्टाइल', **लिटररी स्टाइल : ए सिम्पोजियम**) ।

## ३) शैली विचलन हो ।[१३]

(क) **एल्. स्पिटजरः**

शैली मानकको विचलन हो । (**लिङ्ग्विस्टिक एन्ड लिटररी हिस्ट्री स्टेप : एसेज इन स्टाइलिस्टिक्स**) ।

(ख) **ए. ई. डर्बिसायरः**

मानक के हो भन्ने थाहा छ भने शैलीलाई मानकबाट विचलनका रुपमा परिभाषित गर्न सकिन्छ (**ग्रामर अफ स्टाइल**) ।

(ग) **टी. तोदोरोभः**

शैली मानकको अतिक्रमण र उल्लङ्घन हो ('द प्लेस अफ स्टाइल इन द स्ट्रक्चर अफ द टेक्स्ट', **लिटररी स्टाइल : ए सिम्पोजियम**) ।

१३ ऐजन ।

(घ) **यू. बी. बोरेभः**

शैली त्यस खालको सूचनात्मक अथवा अभिव्यञ्जात्मक भाषिक संरचना हो जसलाई मानकका अपेक्षा विचलनमा प्राप्त अथवा निर्धारित गरिन्छ ('द नेचर अफ स्टाइल एन्ड स्टाइलिस्टिक एनसिसिस', **मार्क्सिस्ट लेनिनिस्ट एम्पेटिक्स एन्ड द आर्ट्स**) ।

(ङ) **केटी वेल्सः**

शैली विचलनका रुपमा उपस्थित हुन्छ (**ए डिक्सनरी अफ स्टाइलिस्टिक्स**) ।

४) **शैली वितरण हो ।**[१४]

(क) **बर्नार्ड ब्लाखः**

शैली भनेको भाषिक अभिलक्षणहरुको सम्भाव्यता र प्राज्ञिक वितरणले बोकेको सन्देश हो (**लिङ्ग्विस्टिक स्ट्रक्चर एन्ड लिङ्ग्विस्टिक एनालिसिस्**) ।

(ख) **जेलिग ह्यारिसः**

शैली वितरणको कुञ्जी हो (**स्ट्रक्चर एन्ड लिङ्ग्विस्टिक्स**) ।

५) **शैली कथ्य पनि हो र रुप पनि हो ।**[१५]

(क) **नोभिचेन्कोः**

व्यापक अर्थमा शैली कृतिको यस्तो विलक्षणता हो जसले कथ्य तथा रुप दुबैका विशिष्ट अभिलक्षणहरुको उद्घाटन गर्छ ('द डाइभर्सिटी अफ आर्टिस्टिक फार्म एन्ड स्टाइल इन सोसलिस्ट लिटरेचर', **प्राब्लम्स अफ सोसलिष्ट रियलिज्म**)।

(ख) **ई. एल्सवर्गः**

शैली कथ्य र अभिव्यक्तिको त्यस्तो अन्विति हो, जसले कृतिको कथ्य र कृतिको रचनाका कारण तथा कृतिकारको दृष्टिकोण एवं लेखनपद्धतिका प्रभावमा कलारुपका सबै तत्त्वहरुको संश्लेषण, तिनको परस्पर क्रियाशीलता र विकास प्रक्रियाबाट जन्म लिन्छ । ( 'इन्डिभिजुयल स्टाइल एन्ड द प्रब्लम्स द्याट एराइज फर द लिटररी हिस्टोरियन एन्ड थियरिस्ट इन देयर स्टडी', **स्टाइल, द वर्क एन्ड लिटररी डेभलपमेन्ट**)।

(ग) **भी कोभालोभः**

शैली कथ्य र रुप दुबै हो (**द डाइभर्सिटी अफ स्टाइल इन सोभियत लिटरेचर**)।

(घ) **ए. शोकोलोभः**

शैली रुपको यस्तो संश्लिष्ट पद्धति हो, जो कृतिको कथ्य र क्रियात्मक रचना विधानबाट निरन्तर क्रियाशील रहन्छ (**द थियरी अफ स्टाइल**)।

---

१४ ऐजन, पृष्ठ २८।

१५ ऐजन, पृष्ठ २९।

६) **शैली भाषा हो ।**[१६]

(क) **भर्नर विन्टरः**

शैली सामाजिक भाषिकाको विशिष्ट प्रकार हो ('स्टाइल एज डाइलेक्ट्स', **प्रोसिडिङ्स अफ द नाइन्थ इन्टरनेसनल कङ्ग्रेस अफ लिङ्ग्विस्टिक्स**) ।

(ख) **रेमण्ड च्यापमेनः**

शैली भाषाको अलङ्कार हो ( **लिङ्ग्विस्टिक्स एन्ड लिटरेचर**)

(ग) **निल्स एरिक एङ्क्विस्टः**

शैली सन्दर्भमा आबद्ध भाषा हो । यो भाषाको सन्दर्भबद्ध विविधता पनि हो र मानक एवं पाठका विभिन्नताहरुको समुच्चय पनि हो ('स्टाइलिस्टिक्स एन्ड टेक्स्ट लिङ्ग्विस्टिक्स', **करेन्ट ट्रेन्ड्स इन टेक्स्ट लिङ्ग्विस्टिक्स**) ।

(घ) **ज्योफ्री एन्. लीचः**

शैली पाठसँग सम्बद्ध भाषिक अभिलक्षणहरुको कुल योग हो । ('स्टाइलिस्टिक्स', **डिस्कोर्स एन्ड लिटरेचर**) ।

---

१६ ऐजन, पृष्ठ ४१ ।

७)    **शैली अर्थ हो ।**[१७]

(क)  **मिखाइल रिफातियरः**

शैलीलाई कृतिको भाषिक संरचनाद्वारा सम्प्रेषित सूचनाको अभिव्यञ्जनात्मक, प्रभावपूर्ण र सौन्दर्यमूलक अर्थचापका रुपमा हेरिन्छ ( 'क्ताइटेरिया फर स्टाइल एनालिसिस', **वर्ड**) ।

(ख)  **एल. डोलजेल र के. एच्. ब्लाखः**

शैली रुपको अभिव्यक्ति मात्र होइन, सम्प्रेषणको आर्थी पद्धति पनि हो ('पोएटिक्स एन्ड स्टाइलिस्टिक्स', **पोएतिका**)।

(ग)  **ग्राहम हफः**

शैली अर्थको पक्ष हो (**स्टाइल एन्ड स्टाइलिस्टिक्स**) ।

(घ)  **रोलाँ बार्थः**

शैलीको निर्माण कतिपय आर्थी स्तरहरुबाट हुन्छ ('स्टाइल एन्ड इट्स इमेज', **लिटररी स्टाइल : ए सिम्पोजियम**) ।

(ङ)  **एस्. सेबियोकः**

शैली कृतिका आर्थी संरचनाको विशिष्ट कारक हो । साथै यो आर्थी संश्लेषणको कारण पनि हो ('आर्ट एन्ड ह्युमन रोल्स इन द एक्सन अफ द वर्ल्ड', **म्याद एन्ड आर्ट इन स्ट्रक्चर अफ द वर्ल्ड**) ।

---

१७ ऐजन, पृष्ठ ४२ ।

(च) **क्वेतोस्लोभ स्वातिकः**

शैली अन्तर्वस्तु र कलात्मक अर्थलाई संघटित गर्ने ठोस पद्धति हो ('द प्राब्लम अफ स्टाइल फ्रम द स्टायाण्ड प्वाइन्ट अफ जेनरल थियरी अफ आर्ट', **लिङ्ग्विस्टिक एन्ड द लिटररी स्टडिज इन इस्टर्न युरोप**) ।

(छ) **लियो हिक्कीः**

शैली भनेको लक्ष्यार्थ वा प्रतीयमान अर्थ हो (**पूर्ववत्**) ।

८) **शैली कौशल हो ।**[१८]

(क) **रेने बेलेकः**

शैलीले वक्ताको अभिवृत्ति बुझाउने सबै कौशलहरुलाई, आलङ्कारिक लक्ष्यको पूर्ति गर्ने सबै कौशलहरुलाई र वाक्यसंरचना, स्पष्टता एवं चापसमेतलाई सुरक्षित राख्ने सबै कौशलहरुलाई स्वयंमा समाविष्ट गर्छ ('क्लोजिङ स्टेटमेन्ट, फ्रम द भ्यु प्वाइन्ट अफ लिटररी क्रिटिसिज्म', **स्टाइल इन ल्याङ्ग्वेज**) ।

(ख) **भी. एम. झिरमुन्स्कीः**

शैली रचना विशेषमा नियोजित कौशलहरुको अन्विति हो ( **सेलेक्टेड रायटिङ्स : लिङ्ग्विस्टिक पोएटिक्स**) ।

---

१८ ऐजन, पृष्ठ ७१ ।

**शैली :-**

अंग्रेजी भाषाको 'स्टाइल' शब्दको नेपाली अनुवाद नै शैली हो । अक्सफोर्ड एडभान्स्ड लर्नर्स डिक्सनरीमा स्टाइल सम्बन्धी यस्तो लेखिएको छ । १. द पार्टिकुलर वे इन हयुच फिफ्थ इज डन अ स्टाइल अफ लिडरसिप ।

सामान्यतया काव्य रचनाको मार्ग वा पद्धतिलाई शैली भन्ने चलन छ । शैली (रीति) शब्दले त्यस्तो विशिष्ट प्रकारको पदरचना वा शब्द विन्यासलाई जनाउँछ जसका कारणले गर्दा काव्य वा साहित्य सामान्य लौकिक कथन भन्दा फरक हुन जान्छ । साहित्यकारको स्वभाव र प्रकृतिपिच्छे शैलीको स्वरुप पनि फरक फरक हुन सक्छ किनकि कुनै कुनै साहित्यकार साधारण भावको प्रकाशनमा लागि पनि असाधारण एवम् जटिल पदावलीहरुको उपयोग गरी रहेको हुन्छन् भने कुनै साहित्यकार असाधारण वा जटिल भाव प्रकाशनका लागि पनि सरल पदावलीहरुको उपयोग गरिरहेका देखिन्छन् ।[१९]

रचनाकारको यस्तो विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ, जसमा भाषिक एकाइको सौन्दर्य बोधक समुच्चय हुन्छ र भाषा एवं विषयमा दृष्टिबाट विचलन हुन्छ । शैली विज्ञान, अङ्ग्रेजी भाषाको 'स्टायलिस्टिक्स' शब्दको समानार्थी रुपमा ग्रहण गरिएको शब्द नै शैली विज्ञान हो । १९ औं शताब्दीको प्रारम्भमा सर्वप्रथम जर्मनमा 'स्टिलिस्टिक' शब्दको व्यवहार भएको पाइन्छ । फ्रान्सेली भाषामा चाहिँ सन् १८७२ मा 'स्टालिस्टिक' शब्दको प्रयोग भएको मानिन्छ । अङ्ग्रेजीमा चाहिँ 'स्टायलिस्टिक्स' शब्दको प्रयोग सन् १८८२ मा भएको देखिन्छ । आधुनिक युगमा शैली विज्ञानको शुभारम्भ गर्ने श्रेय प्रसिद्ध भाषा विज्ञानी फर्डिनान्ड डी सस्युरलाई छ । वर्णनात्मक भाषा विज्ञानका प्रथम प्रवर्तक सस्युर र उनका शिष्य चार्ल्स बालीका कार्यबाट वर्तमान युगमा शैली विज्ञानको प्रमुख धारा सुरु हुन्छ ।

---

**१९ रामचन्द्र लम्साल, भाव प्रकाशन, गरिमा (वर्ष २९ अंक ५ २०६६ माघ) पृष्ठ २४ ।**

शैली विज्ञान मूलतः भाषा विज्ञानको एउटा विभाग वा शाखा भए तापनि यसको वर्तमान स्थिति निकै दरो भई सकेको छ र यसले एउटा स्वतन्त्र विज्ञानको रुप प्राप्त गरिसकेको छ । “सिद्धान्ततः भाषा विज्ञानको र साहित्य शास्त्रका समन्वयबाट शैली विज्ञानको निर्माण हुन जान्छ ।”[२०]

साहित्यिक कृतिका भाषिक पक्षको अध्ययन गर्ने हुँदा यो भाषा विज्ञानसँग सम्बध छ भने कृतिमा अन्तर्निहित सौन्दर्य पक्षको पनि उद्घाटन गर्ने हुँदा यो साहित्य शास्त्र वा सौन्दर्य शास्त्र पनि सम्बद्ध छ । सैद्धान्तिकरुपले शैली विज्ञानको सम्बन्ध साहित्य शास्त्रसँग भए तापनि यसको मूल प्रकृति चाहीँ भाषा वैज्ञानिक छ । यस विज्ञानले चिन्ह विज्ञानबाट पनि निकै सहायता लिएको पाइन्छ

शैली विज्ञानले साहित्यलाई भाषिक कला मान्दछ । भाषिक कला अन्तर्गत यसले प्रत्येक कृतिलाई एउटा भाषिक प्रतीक ठान्दछ । प्रतीक झैँ मानिएको प्रत्येक साहित्यिक कृतिका दुई पक्ष हुन्छन:- अभिव्यक्ति र काव्य । अभिव्यक्ति कृतिको बाह्य पक्ष (रुप) र कथ्य आन्तरिक पक्ष (अर्थ) सँग सम्बन्ध राख्दछ । शैली विज्ञानले समालोचना वा मूल्याङ्कनका निम्ति कृतिको विश्लेषण निम्न प्रक्रियाबाट गर्छ ।

- साहित्यिक संरचना
  - बनोट
  - बुनोट
- शैली
  - (क) चयन
  - (ख) अग्रभूमि निर्माण
    - १. समानान्तरता
    - २. विचलन
  - (ग) विविधता
    - १. व्याकरण व्यवस्था
    - २. शब्द व्यवस्था
    - ३. ध्वनि व्यवस्था
- भाषा संरचना

२० मोहनराज शर्मा, शैली विज्ञान ऐ. पृष्ठ ४ ।

यस शैली वैज्ञानिक विश्लेषण प्रक्रियालाई निम्न अनुसार खोलुवा गर्न सकिन्छ ।[२१]

## १. साहित्यिक संरचनाः-

प्रत्येक साहित्यिक कृतिको आफनो संरचना हुन्छ । संरचना भन्नाले कुनै वस्तु (कृति) मा पाइने स-स्याना संरचक घटकहरुको कुल योग भन्ने बुभ्न सकिन्छ । यसका क्रमश्रेणी/तह यस प्रकार हुन्छन्ः

### बनोटः-

संरचना वा कृतिमा पाइने स-साना घटकहरुको कुल योग नै बनोट हो । जस्तैः- अङ्क, दृश्य आदि घटकहरुको कुल योग नाटक हो भने भाग, परिच्छेद, घटना आदि घटकहरुको कुल योग उपन्यास हो

### बुनोटः-

कुनै पनि कृति वा संरचनाका घटकहरुको कुल योग/समुच्चय नै बनोट हो भने ती घटकहरुका बिचको पारस्परिक समन्वय नै बुनोट हो ।

## २. शैलीः-

रचनाकारको विशिष्ट रचना प्रकार नै शैली हो । यसले कृतिको रुप र अर्थ पक्षको विश्लेषण गर्छ । निम्न पक्षहरुबाट शैलीको पहिचान गर्ने गरिएको छ ।

---

२१ मोहनराज शर्मा, पूर्ववत्, पृष्ठ ७४ ।

**(क) चयनः-**

कृति वा संरचनामा भाषिक एकाइ (शब्द, वाक्य आदि) को छनोटलाई चयन भनिन्छ । कृतिकारले उपलब्ध विकल्पहरु मध्ये कुनै एकको जानेर/नजानेर छनोट गर्छ, जस्तै नेपाली शब्द तहमा नारी, अवला, रमणी, सुन्दरी, कल्याणी आइमाई, गृहिणी, स्वास्नी आदि विकल्पहरु उपलब्ध छन् । यी विकल्पहरु मध्ये रचनाकारले एक सन्दर्भमा कुनै एक विकल्पको चयन गर्छ ।

**(ख) अग्रभूमि निर्माणः-**

रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन सो अंशमा विशेष बल दिनु नै अग्रभूमिको निर्माण हो । कृतिकारले आफना कृतिका अग्रभूमिको निर्माण दुई तरिकाहरुबाट गर्छः

**समानान्तरता :-**

कुनै पनि कृतिमा शब्द वर्णहरुको नियमित पुनरावृत्तिलाई समानान्तरता भनिन्छ । बढी नियमितताको पालन नै समानान्तरता हो । छन्द, अलङ्कार आदि अन्तर्गत गरिने वा अन्य प्रकारका पनि पुनरावृत्तिलाई समानान्तरता भनिन्छ, जस्तैः- त्यो चोरले चार पैसा चोर्छ ।

**विचलनः-**

समानान्तरताको ठिक विपरीत तत्त्व नै विचलन हो । स्थापित मानक माथिको अतिक्रमण नै विचलन हो । आज त हिमाल मुसुक्क हाँस्यो वाक्यमा अर्थतात्त्विक विचलन छ । विचलन निम्न प्रकारका छन्ः-

कोशीय विचलन

व्याकरणिक विचलन

ध्वनि प्रक्रियात्मक विचलन

लेख प्रक्रियात्मक विचलन

अर्थ तात्त्विक विचलन

भाषिक विचलन

प्रयुक्ति विचलन

**कोशीय विचलनः-**

विद्यमान शब्दकोशमा रहेका शब्दहरु भन्दा फरक र नयाँ शब्दको निर्माण गर्नुलाई कोशीय विचलन भनिन्छ । नयाँ शब्दको निर्माण जस्तै चक्रेटो, फुलारु ।

**व्याकरणिक विचलनः-**

लिङ्ग, वचन, पुरुष, काल, पदक्रम आदिमा हुने विचलनलाई व्याकरणिक विचलन भनिन्छ, जस्तैः- काम्यो लुगुलुगु त्यो (पदक्रम विचलन) ।

**ध्वनि प्रक्रियात्मक विचलनः-**

खास एकाइको उच्चारणमा पहिचान गर्न सकिने विचलन नै ध्वनि प्रक्रियात्मक विचलन हो । जस्तैः- प्रस्तूत (प्रस्तुत)

**लेख प्रक्रियात्मक विचलनः-**

लेख प्रक्रियामा देखिने विचलनलाई लेख प्रक्रियात्मक विचलन भनिन्छ । जस्तैः तल- त ल

**अर्थतात्त्विक विचलनः-**

अर्थमा देखिने विचलन नै अर्थतात्त्विक विचलन हो । जस्तैः हिमाल मुसुक्क हाँस्यो ।

**भाषिका विचलनः-**

अन्य भाषिकाको विशेषताको प्रयोग गर्नु नै भाषिका विचलन हो । जस्तैः ओदइअ कन्दरो छै ।

**प्रयुक्ति विचलनः-**

एउटा परिस्थिति वा प्रसङ्ग अनुरुप भाषाको अर्को परिस्थिति वा प्रसङ्गमा प्रयोग हुनु प्रयुक्ति विचलन हो ।

(ग) **विविधताः-**

विषय र प्रयोगकर्ताका अनुसार एउटा भाषाका विभिन्न भेदहरु देखा पर्छन् । यिनै भेदहरुलाई विविधता भनिन्छ । कृतिको शैली वैज्ञानिक विश्लेषणको प्रक्रिया निम्न लिखित तिन चरणहरुमा पुरा गरिन्छ ।

(१) **पहिलो चरण-तथ्याङ्क :**

यस चरणमा कृतिमा प्राप्त शैलीय तथ्यहरुको प्रस्तुति क्रमशः गरिन्छ । सङ्कलित तथ्याङ्कहरु वस्तुगत हुनुपर्छ ।

(२) **दोस्रो चरण-विश्लेषणः**

यस चरणमा तथ्याङ्कका रुपमा प्राप्त सामग्रीलाई केलाउने काम गरिन्छ । तथ्याङ्कका रुपमा खण्ड खण्ड पारिएका एकाइहरुलाई एउटैमा उनेर समग्र कृतिका सन्दर्भमा हेरिन्छ । यसमा कृतिका एकाइहरुको सुसम्बद्धता, सशक्तता, सङ्गति, अन्विति, संरचना आदिको गहन विश्लेषण गरिन्छ ।

(३) **तेस्रो चरण-व्याख्याः**

यस चरणमा विश्लेषणलाई आधार मानी व्याख्या गरिन्छ । यहाँ व्याख्याको तात्पर्य कृतिको अर्थ, सार्थकता, सोद्देश्यता, प्रभावकारिता, मूल्य, सौन्दर्यात्मकता आदिको खोजी हो ।

यस प्रकार प्रक्रियागत रुपमा कुनै पनि कृतिको शैली वैज्ञानिक विश्लेषण सम्पन्न हुन्छ ।

## ३.२ शैली विज्ञानको क्षेत्र

शैली विज्ञानको क्षेत्रलाई साँध हालेर छुट्ट्याउन लाग्दा सर्वप्रथम यसले साहित्यलाई के ठान्छ भन्ने स्मरण गराउनु आवश्यक छ । यसले साहित्यलाई शाब्दिक कला मान्छ । शाब्दिक कला भन्ने पदावलीमा रहेका दुई शब्द शाब्दिक र कलाले भाषा र कलालाई बुझाउँछन्, जसबाट साहित्यमा यी दुबैको महत्तम

भूमिका हुन्छ भन्ने ठहरिन्छ । साहित्यको स्वरुपसँग सम्बद्ध उपयुक्त ठहरबाट एकातिर साहित्यको परिधि देखिन्छ भने अर्कातिर शैली-विज्ञानको क्षेत्र पनि छुट्टिन्छ ।

माथिको भनाइबाट शैली विज्ञानको क्षेत्र कला र भाषाका फाँटमा फिँजिएको छ भन्ने जाहेर हुन्छ, तर यस कुरालाई अझै नजिकबाट ठम्म्याउन साहित्यलाई किन शाब्दिक कला मानिएको हो भन्ने तथ्यको खोतलखातल आवश्यक छ ।

खोतलखातलको थालनी कलापक्षबाट गर्दा समस्त कला दुई मुख्य शाखामा विभाजित देखिन्छ, उपयोगी कला र ललितकला । उपयोगी कलालाई दैनिक प्रयोग र जीविकोपार्जनको मेलो मानिन्छ । सिकर्मी, डकर्मी, बाँडा, कुमाले आदिका सिपबाट बनेको वस्तुहरु यसै कोटिका कृति हुन् । यसका विपरीत ललितकला चाहिँ मानव-मन र भाव-संसारसँग गाँसिएको हुन्छ । मूतिकला, वस्तुकला, चित्रकला, सङ्गीतकला, नृत्यकला आदिसँग सम्बद्ध कृतिहरु यसै कोटिमा पर्छन् । साहित्य पनि यसै शाखाको वाङ्मय-फाँटसँग नत्थिएको कला हो । सङ्क्षेपमा कुरो के हो भने कलाको एउटा उपशाखा ललितकला हो र ललितकलाको एउटा उपशाखा वाङ्मयकला हो, जसअन्तर्गत साहित्यको गणना हुने हुँदा यो पनि कला हो।

साहित्यलाई भाषापक्षबाट हेर्दा भाषाका दुई मुख्य प्रयोग देखा पर्छन, सामान्य प्रयोग र विशिष्ट प्रयोग । भाषाको सामान्य प्रयोग बोलचाल र घरायसी तथा सामाजिक क्रियाकलाप आदि दैनिक व्यवहारमा गरिन्छ । यसको विशिष्ट प्रयोगचाँहि वाङ्मयमा गरिन्छ । पटक-पटक पढ्नयोग्य ठानिएको भाषा-प्रयोगको सञ्चित कोशलाई वाङ्मय भनिन्छ । भाषाको सामान्य प्रयोगलाई पटक-पटक दोहोऱ्याउनका निम्ति योग्य ठानिन्न । भाषाको विशिष्ट

प्रयोगको सञ्चित कोश अर्थात् वाङ्मयलाई पनि दुई वर्गमा विभाजित गरिन्छ, उपयोगी वाङ्मय र ललित वाङ्मय ।

भाषाको वाङ्मय फाँटमा देखा पर्ने ती कृतिहरु उपयोगी वाङ्मय मानिन्छन्, जो मुख्यतः मनुष्यको ज्ञान-संसारसँग सम्बद्ध हुन्छन् र जसको उद्देश्य ज्ञानबृद्धि हुन्छ, जस्तै- इतिहास, भूगोल, दर्शन, ज्योतिष, विज्ञान आदिका ग्रन्थहरु उपयोगी वाङ्मय हुन् । यसैलाई ज्ञानको साहित्य, उपयोगी साहित्य, ललितेतर वाङ्मय वा शास्त्र पनि भनिन्छ । मनुष्यको मानव-जगत् र भाव-संसारसँग सम्बद्ध कृतिहरुलाई चाहिँ ललित वाङ्मय भनिन्छ, जस्तै- कविता, उपन्यास, नाटक, कथा आदिका पुस्तक । ललित वाङ्मयलाइ शक्तिको साहित्य, ललित साहित्य वा साहित्य मात्र पनि भनिन्छ । सङ्क्षेपमा कुरो के हो भने भाषा-व्यापारको एउटा प्रमुख शाखा त्यसको विशिष्ट प्रयोग हो र विशिष्ट प्रयोगको एउटा उपशाखा ललित वाङ्मय हो, जसलाई प्रचलित शब्दमा साहित्य भनिन्छ । यस रुपमा भाषा र भाषा व्यापार पनि हो ।

कला-पक्षबाट हेर्दा कला-फाँटमा र भाषा-पक्षबाट हेर्दा भाषा-फाँटमा पर्ने हुँदा साहित्यलाई शाब्दिक कला भनिएको हो । साहित्य बाहेक अन्य कुनै कला-रुप वा भाषा-व्यापार यस्तो हुँदैन । साहित्य कला र भाषा दुबै हो अर्थात् शाब्दिकला हो ।

साहित्य कला हो, तर प्रत्येक कला साहित्य हुन्न । यसको मुख्य कारण के हो भने कलाको फाँट ज्यादै ठूलो र फराकिलो छ । कलाको अँगालो ज्यादै विशाल हुने हुँदा कलात्मक संवेगको प्रत्येक प्रतिफल साहित्य हुँदैन, किनभने त्यो मूर्तिकला, चित्रकला आदि पनि हुनसक्छ । त्यसै गरी साहित्य भाषा-व्यापार हो, तर प्रत्येक भाषा-व्यापार साहित्य हुँदैन । यसको मुख्य कारण पनि भाषाको फाँट फराकिलो हुनु हो । यसले गर्दा भाषा-व्यापारको प्रत्येक व्यक्त रुप साहित्य हुँदैन, किनभने त्यो इतिहास, भूगोल आदि पनि हुन सक्छ ।

कलासम्बन्धी माथिको बुँदाले कलाको प्रत्येक प्रतिफलित रुप साहित्य हुँदैन भन्ने कुरालाई जति निश्चित गर्छ त्यति नै साहित्य कला हो भन्ने कुरालाई पनि निश्चित गर्छ

यस सन्दर्भमा अझै के पनि स्पष्ट छ भने साहित्य भाषामा आबद्ध हुन्छ र यो आबद्धता नै त्यो कारण हो, जसले गर्दा प्रत्येक कला साहित्य हुन पाउँदैन, तर प्रत्येक साहित्यचाहिँ कला नै हुन्छ । यसै गरी भाषासम्बन्धी बुँदाले भाषा-व्यापारको प्रत्येक व्यक्त रुप साहित्य हुँदैन भन्ने कुरालाई जति निश्चित गर्छ त्यति नै साहित्य भषा-व्यापार हो भन्ने कुरालाई पनि निश्चित गर्छ । यस सन्दर्भमा पनि अझै के स्पष्ट छ भने भाषाको प्रत्येक व्यक्त रुप साहित्य हुन पाँदैन, तर प्रत्येक साहित्यचाहिँ  भाषाको व्यक्त रुप नै हुन्छ । तत्वतः भाषा र कला दुबैको व्यक्त रुप भएकाले साहित्य शाब्दिक कला हो भन्ने कुरामा सन्देह रहन्न ।

कलाको अध्ययन-क्षेत्रलाई कलाशास्त्र भनिन्छ भने भाषाको अध्ययन-क्षेत्रलाई भाष विज्ञान भनिन्छ । यसै गरी शाब्दिक कलाका रुपमा साहित्यको अध्ययन-क्षेत्र शैली विज्ञान हुन आउँछ । यस रुपमा शैली विज्ञानकला र भाषाको समन्वित शास्त्र वा विज्ञान भएर भुल्किन्छ । यसबाट शैली विज्ञानको क्षेत्र कला र भाषा वा कलाशास्त्र र भाषा विज्ञानले हातेमालो गरेको फाँट हो भन्ने निर्धारित हुन्छ । यसैले शैली विज्ञानको एउटा कान कला सिद्धान्तद्वारा र अर्को कान भाषा-सिद्धान्तद्वारा निमोठिएको हुन्छ । यसले साहित्यिक कृतिलाई भाषिक प्रतीक मानेर आफ्नो कार्यक्षेत्रको विस्तार चिह्न विज्ञान वा प्रतीक विज्ञानका फाँटसम्म पनि गरेको छ ।

उपर्युक्त कुराबाट साहित्य र साहित्यिक कृतिको शैली वैज्ञानिक आलोचना गर्ने व्यक्तिले सौन्दर्य शास्त्री र भाषा वैज्ञानिक दुबै हुनु आवश्यक देखिन्छ । यस सम्बन्धमा रोमन याकोब्सनको मत के छ भने साहित्यप्रति

बहिरा बनेका भाषा वैज्ञानिक र भाषा विज्ञानप्रति उदासीन रहेका साहित्य शास्त्री दुबै नै समान रुपमा आफ्ना समयदेखि पछि परेकाहरु हुन् ।

## ३.३ निष्कर्ष:

अङ्ग्रेजी भाषाको 'स्टाइल' शब्द ल्याटिन भाषाको 'स्टिलस' शब्दबाट बनेको हो । सोही शब्दको नेपाली रुपान्तरण शैली हो । पूर्वमा 'शील' धातुबाट शैली शब्दको निर्माण भएको देखिन्छ । सामान्यतया शैली रचनाकारको रचनाप्रकार हो । यो सामान्य नभएर विशिष्ट हुन्छ । यसमा सामान्य भाषाको अतिक्रमण हुन्छ ।

शैलीको वैज्ञानिक अध्ययन गर्ने विज्ञानलाई शैली विज्ञान भनिन्छ । यसले साहित्य शास्त्र र भाष विज्ञानको समुच्चय रुपलाई जनाउँछ । कुनै पनि कृतिको शैली वैज्ञानिक विश्लेषण गर्दा साहित्यक संरचना, शैली र भाषा संरचनालाई केलाउने गरिन्छ ।

शैलीको विधिवत् वा वैज्ञानिक अध्ययन गर्ने शास्त्र नै शैली विज्ञान हो । भाषा विज्ञान र भाषा साहित्यको समन्वयबाट शैली विज्ञानको जन्म भएको देखिन्छ । तसर्थ शैली चयन, संयोजन, विचलन, वितरण, भाषा, अर्थ, कौशल हो ।

शैलीवैज्ञानिक अध्ययन/विश्लेषण गर्दा पहिलो चरणमा तथ्याङ्कन, दोस्रो चरणमा, विश्लेषण र तेस्रो चरणमा निष्कर्ष आँकलन गरिन्छ । यसका साथै कृतिको बनोट, बुनोट, शैली भाषा संरचना आदिको माध्यमबाट शैली विश्लेषण गरिन्छ । यस अन्तर्गत शैलीलाई आधार बनाई कृतिमा चयन, अग्रभूमि निर्माण विविधताको स्थितिलाई केलाइन्छ । कृतिको आन्तरिक पक्ष ( अर्थ) र बाह्य पक्ष (रुप) को विश्लेषण गर्ने चलन पनि रहेको छ ।

शैली विज्ञान साहित्यिक समालोचनाको नवीनतम विधा हो । समालोचनाका फाँटमा यो नवीनतम विधा भाषावादी सिद्धान्त र पद्धतिका रुपमा देखा परेको छ । शैली विज्ञानलाई भाषा विज्ञानको एउटा महत्वपूर्ण शाखा मानिन्छ । शैली विज्ञान भाषाका विविध प्रयोगहरुको अध्ययन विश्लेषणमा केन्द्रित रहन्छ ।

कुनै भाषिक सङ्कलनमा प्रयुक्त शैलीको रीतपूर्वक अध्ययनद्वारा सो सङ्कलनको मर्मवोध र सौन्दर्यवोध गर्ने समझ उत्पन्न गर्नु नै यसको मुख्य उद्देश्य हो । यसले साहित्यिक कृति वा सङ्कनको भाषिक आधारबाट विश्लेषण गरी शैलीका माध्यमबाट त्यसमा रहेका कृलात्मक संवेगहरुको रेखाङ्कन गर्ने र कृतिमा अन्तरनिहित सौन्दर्यको उद्घाटन गर्ने लक्ष्य लिएको छ । यसले साहित्यलाई भाषिक कला मान्दछ । आधुनिक युगमा शैली विज्ञानको आरम्भ गर्ने श्रेय प्रसिद्ध भाषा वैज्ञानिक सस्युरलाई जान्छ ।

# कथा सङ्ग्रहको शैली वैज्ञानिक विश्लेषण

## ४. लक्ष्मीपुजा

### ४.१ लक्ष्मीपुजा कथाको तथ्याङ्क सङ्कलनः

लक्ष्मीपुजाको अघिल्लो दिन तिन जना ठिटाहरु आपसमा खुब दिल खोलीकन भोलि आउने आनन्दको बारेमा चर्चा गरि रहेका,

तुलनात्मक रुपमा धनीका छोराहरु प्रेम र मानले सानसँग कुरा गरेका विचरो लालले आत्मग्लानिको महसुस गरेको,

तिनीहरुका बिचमा मिठाई किनमेल गरेको चर्चा,

लालबहादुरको आमा छोरा उज्यालो अन्कनाउँदै बस्ने कोठामा डेरा गरी बसेका,

लालकी आमा ढिकी जाँतो गरेर कमाइ गर्छे,

लालकी आमा विरामी पर्छे,

औषधीमुलो गर्ने पैसा नभएको स्थिति,

लालद्वारा आमासँग मिठाई ल्याउने कुराको सोधनी आमाले सिपाही दाइले ल्याई दिने भनी छोरालाई आश्वस्त पारेको,

रात पऱ्यो, लालको कोठामा पिलपिल बत्ती बल्यो, आमालाई रोगले चापेको स्थिती,

लालले अचार च्युरा खाएको स्थिति,

भोलि हुन्छ । चारैतिर तिहारको रमझम,

लालको घरमा विजोग,

लालको दिनभरी बजारको रमझममा भुलिएको स्थिती,

साँझपख भई सक्दा पनि सिपाहीले मिठाई नल्याएपछि लालले चोरेर ल्याएको मिठाई अनि थाल बजाएर लक्ष्मीपुजा मनाएको चित्रण,

त्यो अवस्था हेरी लालकी आमा रुनु,

## ४.२ तथ्याङ्कको समुच्चय र सामान्य विश्लेषण:

गोविन्दबहादुर 'गोठाले' को लक्ष्मीपुजा कथा निम्न वर्गीय परिवारको समस्यालाई प्रस्तुत गरिएको बाल मनोविज्ञानमा आधारित कथा हो । यस कथामा काठमाडौँली निम्न वर्गीय परिवारको बालक लालबहादुरको बाल मानसिकतालाई चित्रण गरिएको छ । बालक लाल आफ्ना साथीहरु मानचा, प्रेमचासँग लक्ष्मीपुजाको अघिल्लो दिन लक्ष्मीपुजाका बारेमा छलफल गर्छ । बाबुको मृत्युपछि टुहुरो बनेको लालबहादुर विधवाको रेखदेखमा हुर्केको हुन्छ । अरुका घरमा काम गरेर ल्याएको पैसाबाट उनीहरुले जीविका चलाएका हुन्छन् । तिहारको रमझम र लक्ष्मीपुजाको तयारी सबैतिर देखेपछि लालले आमालाई लक्ष्मीपुजाको समान किन्ने कुरा सोध्छ । पन्ध्र दिनदेखि विरामीले थला परेकी लालकी आमासँग पैसा नभएका कारण लक्ष्मीपुजाका सामान किन्न सक्ने अवस्थामा देखिन्नन् । लालकी आमाले लक्ष्मीपुजाको सामान सिपाही दाइले लिएर आउने कुरा गरी लाललाई सम्झाएकी हुन्छिन् । लाल बजारको चहलपहल हरेर फर्कन्छ । घरमा पुजा सामान नआएको ठान्छ र आमा बिरामी भएकाले पानी खान दिने मान्छे समेत हुँदैन तर लालले भने लक्ष्मीपुजाकै बारेमा सोचेको हुन्छ । अन्तिममा आमाबाट सिपाही दाइले पुजा सामान नल्याउने कुरा सनेपछि निराश र दुःखी हुन्छ । निराश भएर बाहिर निस्केको लालले गाउँमा लक्ष्मीपुजा गरेका घरबाट पुजा सामान चोरेर ल्याउँछ । बाहिर केटाहरु कराइरहेका हुन्छन् तर लाल भित्र पालमा बत्ती बालेर पुजा सामान र मिठाई चढाउँदै आमालाई सोधेर लक्ष्मीपुजा गर्छ । आमा छोराले पुजा गरेको हेरेर आँखाबाट आँसु झार्छिन् र कथा समाप्त हुन्छ । यस कथामा गरिबीले

एउटा बाल मस्तिष्कमा कस्तो असर पर्दो रहेछ भन्ने कुरालाई फोटोग्राफिक तरिकाले चिरण गरेको पाइन्छ ।

## ४.३ निम्न लिखित आधारमा लक्ष्मीपुजा कथाको शैली वैज्ञाानिक विश्लेषण:

### ४.३.१ चयन :-

यस कथामा गोठालेको चयन शैली आफ्नै प्रकारको छ । मुख्य गरी ठेट नेपाली शब्दको प्रयोग गरेको देखिन्छ । जस्तैः ठिटा, दमाई, बैनी । प्रशस्त मौलिक र आगन्तुक शब्दको प्रयोग गरेको पाइन्छ । चयनको स्थिति थप बुझ्नलाई उदाहरणको रुपमा यहाँ केही अनुच्छेद दिइएको छ ।

भोलि लक्ष्मीपुजा, आज साँझमा तिन जना ठिटाहरुको आपसमा खुब दिल खोलीकन भोलि आउने आनन्दको बारेमा चर्चा भइ रहेको थियो । दुई जनाको लुगा मैलो टालिराखेको थियो, एक जनाको अलि सफा र राम्रो थियो, जसले सूचित गर्दथ्यो ऊ ती दुईभन्दा कुनै घरमा पुग्नेको छोरा हो । तर तिनै जनाको मुखमा त्यस्तै उत्सुकता र उलासको भाव देखिन्थ्यो । आमाले भन्दै गई-कसरी त्यो पनि भएभरको हार्नुभयो । घरमा रुञ्चे मुख लाएर आउनुभयो । आमाले सम्झाई-अब मुख अँध्यारो पारेर रोएर के गर्नु ? हार्ने हारिसक्यो । आमाले लक्ष्मीपुजालाई सरजाम किन्न भनेर लुकाई राखेको दुइ रुपियाँ बालाई दिई-पुजासरजाम किनेर ल्याउनु भनेर । त्यो रुपियाँ लिएर कसरी लाललाई कुममा राखेर लैजानुभयो । पुजा सरजाम नकिनी जुवा खेल्नुभएर फेरि सुन ल्याउनु-भयो पचास रुपियाँ जित्नुभयो । कसरी बाले दङ्ग हुँदै, खुशीले उफ्रदै भन्नुभएको थियो-यो लाल सारै छुकी रहेछ । यो पछि धनी हुन्छ ।

लालको हृदय खुशीले नाच्न लाग्यो र अहिले नै साथीलाई आफू छुकी मानेर प्रमाणित गर्न उकुस मुकुस लाग्यो । आमाले लामो सास फेरेर आँखा चिम्ली । लाल बाहिर हिंडयो ।

भोलि भयो । जुवा फुक्यो । चारैतिर लोभ र लालसको साम्राज्य छाएको थियो । हल्लागुल्ला शोरगुल क्या मज्जाको । बजारमा ठेल्लम-ठेल्ला मान्छेहरु थिए । पसलेलाई बेच्ने फुर्सद छैन । कुनै पसलको पनि हात खाली छैन । हिड्ने मान्छेहरु खाली कहाँ थिए र कसैको हातमा खानेकुराको पोका, कसैको हातमा फलफुल कसैको रुपियाँ-पैसाको लक्कु, कोही मोलतोल गर्नमा असीम आनन्द लिइरहेको देखिन्थो ।

लाल बिहानैदेखि बजार घुमिरहेको थियो । कहिले जुवा हेर्दथ्यो । एक त जितौरी पाउने आशा, अर्को कौडी र रुपियाँ-पैसाको हल्लागुल्ला छेडेर निस्केको संगीतमा आनन्द लुटिरहेको थियो । अहो कति रुपियाँ, फेरि हलवाईपसल पनि कति । फेरि कति मिठाइको थुप्रो, कति किसिमको, नामै लिन गाह्रे, पसलको बाहिरसम्म राशका राश थुपारिराखेको देखेर लालले विचार गर्‍यो-कसले मात्र खाने होला । यत्तिका जम्मै सिद्धिएला ?

**४.३.२ अग्रभूमि - निर्माण :-**

यस कथामा देखिएका केही अग्रभूमि निर्माणलाई यस प्रकार उल्लेख गर्न सकिन्छ -

**४.३.२.१ समानान्तरताः**

दुई रुपैयाँको पुजा सामान मिठाई भनेपछि, मिठाई कति कम त ।

मिठाई धेरै भोलि हुन्छ रे, भाइ-पुजालाई भोलिलाई एकै चोटि भाइ पुजामा पो मज्जा हुन्छ, बहिनी पुजागर्छे ।

लाल घुम्दै घुम्दै आफनो टोलमा आइपुग्यो ।

गोलमाल गोलमालकै वातावरणमा दिन ढल्क्यो

सबलाई एक न एक चिन्ता परेको थियो ।

### ४.३.२.२ विचलनः

कुराको खाक जम्या जस्तो भयो (अर्थ-विचलन)

उज्यालो अन्कनाउँदै छिर्छ (अर्थ- विचलन)

लालको हृदय खुसीले नाच्न लाग्यो (अर्थ-विचलन)

### ४.३.३ विविधताः

बैनीलाई दे भनेर 'एक मोहर' दिनु हुन्छ ।

'ला' भनेर एक रुपैयाँ फालिदियो ।

त्यो कुरा सुनेर मानको मुखमा बुजो लाग्यो ।

ऊ त्यहाँको सिपाही दाइले ल्याउछु भन्या छ ।

### ४.३.४ पात्र वर्गीकरणः

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्त्री | पुरुष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्च | बद्ध | मुक्त |
| मानचा | - | + | - | + | - | - | + | - | + | - | + | - | + | + | - |
| प्रेमचा | - | + | - | - | + | - | + | - | + | - | + | + | - | - | + |
| सिपाही | - | + | + | - | - | - | + | - | + | - | + | + | - | - | + |
| लाल | - | + | + | - | - | + | - | - | + | + | - | - | + | + | - |
| लालकी आमा | + | - | - | + | - | + | - | - | + | - | + | - | + | + | - |

## ५. निद्रा आएन

### ५.१ निद्रा आएन कथाको तथ्याङ्क सङकलन

ज्ञानी तनमन दिएर खुब सोच्दै विचार गर्दै काँचको पुतली सिगार्न लागेकी,

कोठामा ज्ञानीको दाई धनबहादुरको प्रवेश,

धनले ज्ञानीलाई माथिबाट साँचो ल्याउन भनेको,

ज्ञानीले नमानेकी,

ज्ञानीले नमानेको कारणले उसको दाईले उसलाई रिसाएर फुँडी, राँडी, बोक्सी, बाबु टोक्ने भनेको स्थिति,

त्यसपछि ज्ञानीद्वारा पुतली, ऐना फुटालिएको,

आमाले समेत रिसाएर 'बाबु टोक्ने' भनेकी,

बज्यैद्वारा ज्ञानीप्रति सहानुभूति व्यक्त र धनेलाई रिसाएको स्थितिका चित्रण,

'बाबु टोक्ने' शब्दले ज्ञानीलाई हृदयदेखि नै चिन्तित तुल्याएको र रुन बाध्य पारेको,

साँझ पख, ज्ञानीले केही नबोलेर खाना खाएको किनकि उनी हृदयदेखि नै दुःखी थिएन, उनलाई बोल्न मन लागेको थिएन,

साँझ सबै निदाए तर ज्ञानीलाई निद्रा आएन,

ज्ञानीले आमासँग म जन्मेर बा मर्नु भएको हो ? भनी सोधेकी,

आमाले बाबु कालगति मरेँको भनी ज्ञानीलाई शान्त तुल्याएकी,

ज्ञानीले आमासँग म मरेँ भने बा फेरि आउनु हुन्छ भन्दा आमाले चकित भएर उसको अनुहारलाई एकटकसित हेरिरहेकी,

## ५.२ तथ्याङ्कको समुच्चय र सामान्य विश्लेषणः

प्रस्तुत कथा 'गोठाले' को 'कथा सङ्ग्रह' मा सङ्गृहीत छ । यस कथामा नेपाली समाजमा विद्यमान एउटा अन्ध विश्वासलाई नेपथ्यमा राखी विश्लेषण गरिएको छ । यस कथामा ज्ञानी, धने तथा धनेकी आमा, बज्यै जस्ता पात्रहरु देखिएका छन् । कथामा मनोवैज्ञानिक चिन्तन छताछुल्ल भएको छ । यस कथामा ज्ञानीको मानसिक अवस्थाको चित्रण गरिएको छ । ज्ञानी आठ वर्षकी केटी हो । अहिले तनमन दिएर काँचको पुतली सिगार्न लागेकी छ । नौ वर्षको ज्ञानीको दाइ धने कोठाभित्र प्रवेश गर्छ । धनेले बहिनीलाई माथिबाट साँचो ल्याउन भन्छ, तर बहिनीले मान्दिन । अनि दाइ रिसाएर बहिनीलाई राँड, फुँडी, बोक्सी भन्न पुग्छ । ज्ञानी जन्मेको राति उसको बाबु मरेँकोले उसको दाइले उसलाई बाबु टोक्ने भनेर गाली गऱ्यो । विचरी ज्ञानीको केही दोष थिएन । त्यो त दैव संयोग मात्र । त्यस घरका सबैले उसलाई 'बाबु टोक्ने' भन्ने प्रकारले बुझ्ने गर्थे । यस कुराले बालिका ज्ञानीको बाल मस्तिष्कमा नराम्रो असर पर्छ । ऊ मनमनै दुःखी हुन्छे । दाईले रिसाउँदा उसले ऐना, पुतली फ्याकेर फोडिदिन्छे । त्यसै बेला आमा र आएर उसलाई रिसाएर अन्जानमै 'बाबु टोक्ने' भन्ने शब्द प्रयोग गर्छे । त्यसपछि आमाबाट समेत यस्तो शब्द सुन्दा ज्ञानीलाई हुन सम्म चोट पऱ्यो । ऊ आज मनमनै विक्षिप्त छे । बाँच्ने कुरामा बाबु र आफू प्रतिस्पर्धी भएको महशुश गर्छे । बाबु फर्किने भए आफू मर्न समेत तयार हुन्छे । साँझ सबैले खाना खाए । तरकारी थोरै दिएर पनि आज ज्ञानीले केही नबोली खाना खाई । सत्ने बेला भयो, सबै सुते तर ज्ञानीलाई निद्रां लागेन । उनले आफू बाबु टोक्ने हुँ र भनी आमालाई सोधिन् आमाले बाको दिन पुगेर जानु भएको भनी जवाफ दिन्छिन् । ज्ञानीलाई तैपनि शान्ति भएन । निद्रा आउनै चाहेन । केही बेर पछि शान्त श्वरले त्याथीले झै भनी "आमा' म मरेँ भने बा फेरि अउनु हुन्छ ?" आमाले चकित भएर उसको अनुहारमा एकटक सित हेरि रहिन् ।

## ५.३ निम्न आधारमा 'निन्द्रा आएन' कथाको शैली वैज्ञानिक विश्लेषण:

### ५.३.१ चयन :-

कथाकार गोठालेको यस कथामा चयनको स्थितिलाई बुझ्न यहाँ केही अनुच्छेद साभार गरिएको छ ।

आमाको मुखबाट पनि फेरि त्यस्तै वचन सुनी ज्ञानी एक छिन सम्म स्तब्ध भई र उसको रुवाइ एक छिन टक्क रोकियो तर क्षणभरै अन्तर भित्र पीडाको ठुलो उद्वेलन भयो र अटेसमटेस गरेर फुटेर बाहिर निस्कन खोज्यो । ज्ञानी लडीबुडी खेलेर रुन थाली, सच्याई त्यसै बखत बज्यै तल हाम फाल्दै ओर्लिन् र एकछिनसम्म टक्क रोकिएर करुणाभरी आँखाले ज्ञानीको छाँट हेरि रहिन् अनि छिटोछिटो गएर उठाउन खोज्दै भन्न लागिन्, हेर कसले बाबालाई ? भो उठ बा उठ् । "के त तँ जन्मेको रातमा बा मर्नु भएको होइन ? आमाले भन्नु भयो"

त्यस बेलासम्म ज्ञानीको अनुहार विदीर्ण  भइसकेको थियो । दुबैपट्टिको गालामा च्यातियो र मुखबाट रुवाइ फुट्यो ह्याँ ह्याँ ।

धन उठेर भाग्न खोज्यो । ज्ञानीले त्यही काँचको पुतली उठाएर हिर्काई । धनलाई लागेन र भित्तामा लागी पुतली चूर्ण भयो । धन बचेर भाग्यो-कराउँदै "हा हा हा" ज्ञानी कन् खुट्टा बजारी बजारी रुन लागी । अघिल्तिर एउटा स्यानो ऐना थियो, त्यसलाई फाली । त्यो पनि चूर्ण भयो । ऐना फुटेको आवाज आमाको कानमा पऱ्यो । आमा दौड्दै तल आउँछिन् त देख्छिन् ऐना चक्नाचूर । रिसले आँखा देखिनन् र ज्ञानीको जगल्टो समातेर पछारिन, दुइ तिन थप्पड कसिन् पनि । ज्ञानी कहाली कहाली रुन लागी । त्यो रुवाइ ज्ञानीको बाहय होइन, अन्तरबाट उठेको आर्तनाद थियो । आमा हिडिन् र भन्दै गइन्, "बड,

ऐना फोड्दिरहिछ । किन्नुपऱ्यो भने पो । सत्यानाशी छोरीले त, जन्मनासाथ बाबु मारी अरु के ?”

आमाको मुखवाट पनि फेरि त्यस्तै वचन सुनी ज्ञानी एक छिनसम्म स्तब्ध भई र उसको रुवाइ एक छिन टक्क रोकियो, तर क्षणभरै अन्तरभित्र पिडाको ठूलो उद्वेलन भयो र अटेसमटेस गरेर फुटेर बाहिर निस्कन खोज्यो । ज्ञानी लडीबुडी खेलेर रुन लागी, चिच्याई-त्यसै बखत बज्यै तल हामफाल्दै ओहिल्न् र एक छिनसम्म टक्क रोकिएर करुणाभरि आँखाखे ज्ञानीको छाँट हेरिरहिन । अनि छिटो छिटो गएर उठाउन खोज्दै भन्न लागिन्, “हेर कसले बाबालाई ? भो, उठ बा उठ ।”

बज्यैको त्यो सहानुभूतिसूचक स्वर तथा कुरा सुनेर ज्ञानी झन् घोप्टो परेर रुन लागी । बन्यैले ज्ञानीलाई भनिन्-भो बा भो उठ् नरो कसले तँलाई ?

ज्ञानी उठ्न चाहन्नथी । मानौ लडीबुडी खेलेर आफूमाथिको दोषारोपण आफ्नो अशुद्ध जन्मलाई मेटाउन चाहन्थी बज्यैले हात समातेर उठाइन् सारा आङभरि लागेको धूलोलाई कारिदिइन् फरियाले आँसु, नाकभरि आएको सिँगान पुछिदिइन् ।

त्यस बेलासम्म पनि ज्ञानीको रुवाइ बन्द भएको थिएन सुँक्क सँक्क गरि नै रहेकी थिई र आँखामा ढीका ढीका आँसु टल्कँदै जम्मा भएर झर्दै थिए । बज्यैले उसलाई काखमा राखिन् र भनिन् “ऐना फोड्नु हुन्छ त । आजकल कति लिन्छ ।”

ज्ञानीले बज्यैको वक्षमा म्ख लुकाई । बज्यैले फेरि भनिन्, अब देखिन् त्यसो नगर है बा ।........ ए आ, तैले त पुतली पनि फोडिदिइछस् किन फोडेको ?

### ५.३.२ अग्रभूमि - निर्माण :

#### ५.३.२.१ समानान्तरताः

धनेले हाँस्तै भन्यो- अहो, को डराउँछ क्यारे कुन्नि, भन्देन 'होइन' भन्छु ।

तँ रिसाएर को डराउँछ र हा हा हा ।

बाबु टोक्ने तँ बाबु टोक्ने,

ज्ञानी कहाली कहाली रुन लागी ।

पख म धनलाई बाँधि राख्छु, थुनिराख्छु ।

बा भएको भए तँलाई राम्रो-राम्रो पुतली, राम्रो-राम्रो लुगा ल्याइदिनु हुन्थ्यो

आज ज्ञानी चुप छे, उस्तो बोल्दा पनि बोल्दिन, हाँस्ता पनि हाँस्तिन ।

सारा टोल, सारा घरमा शान्ति छायो ।

#### ५.३.२.२ विचलन :

हँसिलो अनुहार झकमक्क भयो (अर्थ- विचलन)

निद्रा आउनै चाँहदैनथ्यो (अर्थ-विचलन)

कल्पनामा डुबेको छन् (अर्थ-विचलन)

### ५.३.३ विविधता :

रतनचाको कस्तो छ ।

गम्भीर मुद्रा धारण गरी अनुहारलाई फुलाएर भिउँटे बनाई पिरुका गिलासमा उसले केही हस्तक्षेप गरिन ।

बाहिरका साथीहरु 'एक ढाला छकु' मा पनि अनासक्त भावले हेरि नै रही ।

### ५.३.४ पात्र वर्गीकरणः

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्त्री | पुरुष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्च | बद्ध | मुक्त |
| ज्ञानी | + | - | + | - | - | - | + | + | - | + | - | - | + | + | - |
| धन | - | + | - | + | - | + | - | - | + | - | + | - | + | + | - |
| ज्ञानीकी आमा | + | - | - | + | - | + | - | - | + | - | + | - | + | + | - |
| ज्ञानीकी बजै | + | - | - | - | + | + | - | - | + | - | + | - | + | + | - |

## ६. एउटा पुरानो कथा

### ६.१ एउटा पुरानो कथाको तथ्याङ्क सङ्कलन :

जितबहादुर रातभरि सुत्न नसकेको,

स्वास्नीका लुगाफाटा, बाकस बाहिर फ्याक्ने काम,

राम्रो अनुहार भएको मान्छेले उसकी स्वास्नीलाई हात समातेर तानिरहेको दृश्य,

स्वास्नीको त्यो चाला देखेर जितेको स्वास्नी प्रति घृणा भाव जागृत,

स्वास्नी कज्याउन नसकेकोमा आन्तरिक क्षोमले जितेको सास बन्द भए जस्तो,

उसले आफैलाई घृणा गऱ्यो,

रात पऱ्यो, क्रमशः उज्यालो भयो उसले एकचोटी स्वास्नीलाई सराप्यो,

स्वास्नीको चुरालाई झ्यालबाट बाहिर फ्याँकिदियो,

उसकी स्वास्नीसँग लहसिएको बिरेलाई मार्ने कुराको सहमति लिने प्रयास बाबु धनबहादुरको स्वीकृति, आमाद्वारा अस्विकारोक्ति भाव व्यक्त,

जितबहादुरले विरेलाई मार्ने कुरा मानबहादुर, लालबहादुर, कर्मवीरलाई समेत भनेको स्थिति,

एक दिन टाढाबाट आई रहेको मान्छेलाई वीरबहादुर हो भन्ठानी मार्ने प्रयास गरेको तर नजिकै आउँदा वीरबहादुर नभएको थाहा पाइ केही नगरेको,

एक दिन साँच्चिकै विरेसँग भेट हुनु,

विरेलाई जितेले लखेटेको, अघिअघि वीरेपछिपछि जितबहादुर विरेलाई भेटाउन नसकेको,

यत्तिकैमा वीरबहादुर गायब भएको,

वीरबहादुरलाई टुक्राटुक्रा पारेको कल्पना गरिनु,

एकदिन भुनू (जितेकी स्वास्नी) करुणाजनक स्थितिमा जितेको घर प्रवेश गरेकी,

सबैबाट घृणित,

भुनूले आफूबाट गल्ति भएको महसुस,

उसले क्षमा मागेको स्थिति,

अन्तमा जितेद्वारा वीरबहादुरलाई केही नगर्ने प्रण र खुकुरी फ्याँकी दिएको,

## ६.२ तथ्याङ्कको समुच्चय र सामान्य विश्लेषणः-

कथाकार गोविन्दबहादुर 'गोठाले' को एक सुप्रसिद्ध कथा हो - एउटा पुराना कथा । यस कथामा, विरे, जिते, भुनू, मानबहादुर, कर्मवीर छन् । जितबहादुरको स्वास्नी विरेसँग लहासिएकी हुन्छे । शारीरिक रुपमा वीरेहृष्टपुष्ट र खाइलाग्दो अनुहारको छ । आफ्नी स्वास्नी अर्काको हात समातेर हिडेको कसैलाई क्षम्य हुँदैन । यसरी जितेकी स्वास्नी अर्कासँग लहसिए पछि जितबहादुर आफैलाई घृणा गर्छ आफ्नो हीन अवस्था माथि उपहास गर्छ । त्यो समाजमा आफ्नो बेइज्जत भएको ठान्छे । त्यसपछि विरेलाई खुकुरीले छप्काउने निधो गर्छ । यस कुराको जानकारी आमा, बुवा, धनबहादुर साथीहरु लालबहादुर, मानबहादुर, कर्मवीरलाई गर्छ ।

विरेको खोजीमा छ जितबहादुर । भेटायो भने छप्काउने उद्देश्यमा केन्द्रित छ । एकदिन टाढाबाट कोही मानिस आइ रहेको थियो । त्यसलाई वीरे भन्ठानी धन्यै छप्काइ सकेको थियो जितेले । नजिकै आएपछि चिन्यो की त्यो वीरेरहेन छ । ऊ सपना/कल्पनामा विरेलाई छप्काएको हुन्थ्यो । यसबाट उसले आत्मशान्ति प्राप्त गरि रहेको हुन्छ । एक दिन साच्चिकै वीरेभेटिन्छ । उसलाई जितेले लखेटछ ।

अघिअघि वीरेपछि पछि जितबहादुर तर वीरे भेटिएन । वीरेकता कायब हुन्छ । कथाको अन्तमा भुनू (जितेकी स्वास्नी) करुणिक अवस्थामा जितेको घरमा प्रवेश गर्छे । ऊ सबैबाट तिरस्कृत र घृणित हुन्छे तापनि घरबाट निस्कन्न । जितबहादुरको मन विस्तारै पग्लन्छ र वीरेप्रति सकारात्मक भाव उत्पन्न गर्छ । अब विरेलाई केही नगर्ने निर्णय गरी खुकुरी फ्याँकी दिन्छ ।

## ६.३ निम्न आधारमा 'एउटा पुरानो कथा' कथाको शैली वैज्ञानिक विश्लेषण:

### ६.३.१ चयन :-

यस कथामा कथाकारले चयन व्यवस्था कस्तो छ भन्ने प्रश्नको जवाफ दिन यस कथाको केही अनुच्छेद यहाँ उल्लेख गर्न आवश्यक छ ।

रात वितिरहेको थियो, विस्तारै- विस्तारै र केहि बेरपछि रातको शुन्यतालाई चिर्दै अकस्मात टाढाबाट कुखुरा बास्यो । उसले एकचोटि त्यही टल्कि रहेको चुरालाई ताक्यो । मन मनैमा भन्यो- मैले तँलाई कम गऱ्या थिइन ।

त्यसै बखत आमाले बोलाई, "बाबु ।" ऊ झस्क्यो र भन्यो "आएँ ।" उसले फेरि विचार "गऱ्यो, त्यो वीरेभएको भए त हुन्थ्यो जेसुकै भए पनि त्यसलाई......।"

एक दिन त साँच्चिकै वीरे भेट भयो । सय कदम जति टाढाबाट आइरहेको थियो । उसले जितेलाई देखेको थिएन । जिते एकदम नि:स्तब्ध भयो । स्पन्दनहीन भयो र अब फेरि काँप्न थाल्यो । अस्ति जस्तै खुट्टाले काम दिएन । भीरबाट खस्ला खस्ला जस्तो भयो । वीरेले एक दुइ कदम अझ अघिल्तिर बढेपछि जितेलाई देख्यो । एक छिनसम्म पत्थर झै विस्फारित नेत्रले जितेलाई हेऱ्यो र बिस्तारै जितेतिर चुम्बकिए झैँ घुर्दै चार पाँच पाइला अझ अघिल्तिर

बढायो । जितेले भुईमा हेरिरहेको आँखालाई उठाएर पुलुक्क वीरेलाई हेऱ्यो । दुबैको आँखा जुझ्यो । दुबैको हेराइमा त्यो घुराइ थियो । जितेले केही अडेस लिने ठाउँ खोज्यो । सानो हृदयभित्रको संघर्षलाई थाम्ने बल ल्याउन । केही बेरपछि उसको हात अनजानैमा पटुकामा घुसारिराखेको खुकुरीको बींडमा पऱ्यो । चारैतिरबाट ठूला कोवलाहलसित "हा हा हा" को आवान सुनियो । र जितेले सम्हाल्दै वीरेलाई हेऱ्यो । वीरे त अतासिएर भागिरहेको थियो न उकालो, न ओराले, हामफाल्दै । जितेले सर्र चम् चम् चम्केको खुकुरीलाई दापबाट झिक्यो, क्षणभरमै ऊ पनि अतासिएर पछ्याउन थाल्यो । खुकुरीलाई उठाएर ऊ पछ्याउँदै छ , विरेभाग्दै छ । यता खेतबाट उता खेतबाट मान्छेहरु आएर त्यसै "हा हा हा" मा सम्मिलित भए । "हा हा हा" गर्दै केटाकेटी जवानहरु ती दुई जनाको पछि पछि दौडे । ऊ पछयाउँदै छ, विरेभाग्दै छ ।

आखिर वीरे भेटाइएन । कहाँ बेपत्ता भयो । कहाँ लुक्यो कहाँ । जिलेको अघिल्तिरसम्म पनि मान्छेहरुले जाने साहस गर्नै सकेनन् । जितेले वीच बाटोमा अड्डी कसेर गोडालाई जमीनमा जोडसित धसेर खुकुरी अडयाएर उभि रहयो अस्पष्ट स्वरमा भन्दै गऱ्यो -- अर्काकी स्वास्नी ल्याउँदा कस्तो भएथ्यो पाजी गधालाई आ, नविलाई यहाँबाट कहाँ चल्ने हो र, म जान्नँ जान्नँ जान्नँ नकाटी ।

**६.३.२ अग्रभूमि - निर्माण :**

**६.३.२.१ समानान्तरता:**

सायद त्यो चुरा अस्ति अस्ति सपना झैँ दिनमा उसको हात सामात्दा फुटेको थियो ।

अनि अङ्ग-प्रत्यङ्ग झनझनाउन थाल्यो ।

विस्तारै विस्तारै र केही बेरपछि रातको सन्नाटालाई चिर्दै अकस्मात टाढाबाट कुखुरो बास्यो ।

भयो जे भयो, भयो ।

सुस्तरी सुस्तरी उकालो चढ्दै थियो ।

एक छाक, एक छाक मात्रै खान दिनोस् ।

### ६.३.२.२ विचलन :

कोठा खाउँ-खाउँ गरे भै शून्य प्रतीत हुन्थ्यो । (अर्थ-विचलन)

कोठा एकछिनसम्म निःस्तस्थ भयो (अर्थ-विचलन)

## ६.४ विविधता :

मैले तँलाई कम गऱ्या थिइन ।

तिमीहरुको मुखेन्जी मेरो यत्रो बेइज्जत ।

## ६.५ पात्र वर्गीकरण:

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्त्री | पुरुष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्च | बद्ध | मुक्त |
| जितबहादुर | - | + | + | - | - | + | - | + | - | - | + | - | + | + | - |
| विरे | - | + | - | + | - | - | + | - | + | - | + | - | + | + | - |
| मनबहादुर | - | + | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| लालबहादुर | - | + | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| कर्मवीर | - | + | - | - | + | + | - | - | + | | | - | + | - | + |
| भुनू | + | - | - | - | + | - | + | + | - | + | - | - | + | + | - |
| धनबहादुर | - | + | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| जितेकी आमा | + | - | - | - | + | + | - | - | + | - | + | - | + | - | + |

## ७. एउटा मृत्यु

### ७.१ एउटा मृत्यु कथाको तथ्याङ्क सङ्कलन :

साहु धनमानलाई सबै चिज पुगेको थियो तर पनि ऊ सन्तोष छैन,

धन सम्पत्ति प्रशस्त ढुकुटीमा थुपार्ने तीब्र इच्छा,

आफ्ना भावी सन्ततिले दुःख नपाउलान् भनेर सम्पत्तिको सञ्चय गर्ने इच्छा,

घरमा केटाकेटीहरुको आपसको खेलवाड, छोराछोरी बुहारीहरुको आपसको हँसाइ र भनसुनले घरबाट कोलाहलमय भएको, घर अव्यक्त आनन्दको सङ्गीतले गुन्जिएको,

मनमा कुरा खेलाउँदा खेलाउँदै बुढा धनमान एकदिन साच्चिकै बुढो हनु,

मुस्किलसाथ माथि भान्छामा गएर भात खान र तल चर्पीमा गएर दिसा गर्न सक्ने,

क्रमशः धनमानलाई रोगले च्याप्यो, उठ्न नसक्ने स्थिति,

वैद्यको व्यवस्था,

वैद्यको डस,

घरका सबै जना बुढाले हरेस नखालान भनी तपाईंलाई केही हुँदैन भन्नु,

अब बिरामीलाई हेर्न आउने नातादार इष्टमित्रहरु क्रमशः बढ्नु,

बुढाको शरीर दिन परदिन जीर्ण हुनु,

वैद्य डाक्टरहरुले आशा मार्नु,

धमाधम पुजा पाठ शुरु,

पशुपतिनाथ (घाट) लैजाने तयारी,

विरामीद्वारा कान्छा छोराको विवाह गर्ने अधुरो सपना व्यक्त,

विरामी साह्रै अप्ठेरो भएको, अन्तमा अविजय मृत्यु,

## ७.२ तथ्याङ्कको समुच्चय र सामान्य विश्लेषण:

कथाकार गोविन्दबहादुर मल्ल द्वारा लिखित प्रस्तुत कथा मृत्युको विषयवस्तुसँग जोडिएको छ । एउटा बुढो मानिसको बाँच्ने आशालाई राम्ररी चित्रण गरिएको छ । यस कथाका प्रमुख पात्र धनमान सबै कुराले पुगिसरी थिए । धन कमाउने कुरामा उनी खप्पिस थिए । उनी सँग सबै चिज प्रशस्त भएपनि सन्तोष भने उनमा थिएन । उनका छोरा छोरी बुहारी नाति नातिनी एक आपसमा मिलेर बसेका छन् । यो दृश्य हेर्दा त्यो साच्चिकै स्वर्ग जस्तो देखिन्छ । विधिको विधान अचम्मको छ । जन्मेपछि एकदिन मर्नु पर्ने प्रकृतिको ऐन हो । सामान्यतया बुढो मानिस छिटो मर्छ । धनमान् क्रमशः बुढो हुँदै गए । आफ्ना भावी सन्ततिको लागि सम्पत्ति सञ्चित गर्न चाहने धनमान् विरामी पर्छन । क्रमशः उनको शरीर जीर्ण हुँदै जान्छ । उपचारको लागि डाक्टर वैद्यको व्यवस्था हुन्छन् । बूढो शरीर भएर होला, उनलाई सञ्चो हुँदैन । उनी बाँच्ने आशामा छन्, परमेश्वरसँग बाँच्नको लागि प्रार्थना गर्छन । केही सीप लागेन । उनलाई रोगले च्याप्यो । अन्तमा कान्छो छोराको विवाह गर्ने अधुरो सपनामा उनी समालिन्छन् । उनलाई सन्चो होस भनेर पुजापाठ गरिन्छ । पशुपति (घाट) लिने व्यवस्था मिलाइन्छ । यति हुँदाहुँदै पनि उनलाई सन्चो हुँदैन । यमराजले हार्दिक निमन्त्रणा गरेरै छाडे । यस कथामा मान्छेको बाँच्न चाहने प्रवृत्तिलाई कथाकारले उल्लेख गरेको पाइन्छ ।

## ७.३ निम्न आधारमा शैली वैज्ञानिक विश्लेषण:

### ७.३.१ चयन :

"साहु धनमानलाई के पुगेको थिएन । जीवन निर्वाह गर्नलाई भनु कि मरेँपछि पिण्ड दिन भनु सबै कुरा पुगेको थियो । चार छोरा दुई छोरी तिन बुहारी र पन्ध्र सोह्र जना नाति नातिनी नै थिए । आफ्ना बुढी स्त्री साथ साथै छायाँ झैँ थिई" यस अनुच्छेदबाट 'गोठाले' को चयन व्यवस्था स्पष्ट हुन्छ ।

खानुहुन्छ ? हाम्रो बिधाता परमेश्वर छँदै छ नि । वहाँलाई नै सम्झेर बसिरहनोस् । परमेश्वरले तिनको सारा अङ्ग-प्रत्यङ्ग, सारा भावना, सारा विचारलाई भयले निस्तब्ध गर्दथ्यो । चूपचाप भएर आँखालाई ठूलो ठूलो पारेर लामो सास फेर्दथो । परमेश्वरले गरेको सनसनाहट केही बेरपछि थामिन्थ्यो र उनी विस्तारै अडीकन भन्थे--मर्नु त एक दिन सबैलाई पर्छ तैपनि ।

बूढा धनमानको शरीर दिन परदिन जीर्ण हुँदै गऱ्यो, यो शरीर कुनै भत्केको घर झैं भयो जहाँ आत्मा अटपटिएर बस्छ । मुख पहेलो त्यसमाथि चाउरी परेको । दुई बाक्लो आँखीभौँभित्र दई आँखा झन् भित्रसम्म धसेका देखिन्थ्यो । जुन माया लाग्ने गरी, झट्ट हेऱ्यो भने, डर लाग्ने किसिमले ट्वाल्ल हेरिरहन्थ्यो, उनी जहान बच्चाहरुको अघिल्तिर ट्वाल-ट्वाल्ती माया लाग्ने आँखाले हेरेर प्रार्थना गर्दथे, दिक्क हुन्थे अनि झर्कन्थे--म बूढाको तिमीहरुलाई केही वास्ता छैन, म अब यो बैद्यको ओखती खान्न, अहँ खान्नँ ।

एक दिन बैद्य, डाक्टरले एकै स्वरले भने--अब केही आशा छैन । भित्रभित्रै छटपटिदैँ, भित्रभित्रै व्यथित हुँदै कुनै भिषण घटनाको प्रतीक्षामा झै दिनहरु बित्दै गए । एक दिन त्यो दिन अकस्मात् आइपुग्यो । बूढो रोगीलाई साह्रै भयो । कोठामा त्यत्तिका मान्छे जम्मा भएर पनि असह्य् सूनसान थियो ।

शुश्रूषा गर्ने स्वास्नी, छोराहरु बीचबीचमा भन्दथे--अलि असजिलो भयो क्यारे । होइन अहिले ओखती ख्वाउने कि अनारको रस ? यी सब भनाइ

निराशाबाट निस्केको खालि कर्तव्यको ढोलै मात्र थियो । दिनका दिन आउने गरेको बैद्यले मुण्टो हल्लाउँदै अर्को कोठामा गएर खासखुस गर्दै भन्यो--टाइम त म. यसै भन्न सक्तिनँ । तर दुई दिन उता जाँदैन, जे गर्नु पर्छ गर्नोस् ।

## ७.३.२ अग्रभूमि - निर्माण :

### ७.३.२.१ समानान्तरताः

दिनरात एक पारीकन तनमन दिएर चतुरता देखाएर नसकी नसकी काम गर्दा पनि कारोबार राम्ररी चलेको जस्तो तिनलाई लाग्दैन थियो ।

त्यो घरमा भाँडा माझ्केको झि झि वाहेक केही आउँदैन्थ्यो ।

मनमा कुरा खेलाउँदा खेलाउँदा धनमान एक दिन साँच्चिकै बुढा भए ।

बोल्दा बोल्दै आवाज मध्यम भएर रोकियो ।

### ७.३.२.२ विचलन :

तिनलाई ठुलो विकृतिले ढाक्यो (अर्थ-विचलन)

मूक भाषामा तिनको अन्तः स्करण चिच्यायो ।

## ७.४ विविधता :

तिनले धानको बोहता तरकारीको बोहता पुजा-सामानको अघिल्तिर बसेको पुरोहितलाई हेरे

## ७.५ पात्र वर्गीकरणः

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्त्री | पुरुष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्च | बद्ध | मुक्त |
| धनमान | - | + | + | - | - | + | - | - | + | + | - | - | + | + | - |
| बैद्य | - | + | - | + | - | + | - | + | - | + | - | - | + | + | - |
| बुहारी | + | - | - | - | + | + | - | - | + | - | + | + | - | - | + |
| छोरा | - | + | - | - | + | + | - | - | + | - | + | + | - | - | + |
| नाति | - | + | - | - | + | + | - | - | + | - | + | + | - | - | + |
| नातिनी | + | - | - | - | + | + | - | - | + | - | + | + | - | - | + |

## ८. औ"ठी

### ८.१ औ"ठी कथाको तथ्याङ्क सङ्कलन :

रामप्यारी दिदीले औँठी हराएकोले आफैलाई धिकारिन,

'लाएको औँठी त कही जानु नपर्ने' भन्दै जाहाँ जहाँ गएको थिइन्. खोजिन् तर भेटाइनन्,

औँठी हराएकोले सासूबाट डराएकी,

धाराबाट फर्किदाँ हरिज्यानचाले औँठीलाई हेरेकी थिइन्, तिनको आँखा लाग्यो कि भन्ने शङ्का,

फर्केर कोठामा गइन्, बाकस खोलिन्, कपडा सबै झिकिन, ओछ्यान ओल्टाई पल्टाइ हेरिन् तर औँठी भेटिएन,

नोकर्नी सेतीलाई बालाएर औँठीको बारेमा सोधिन् । सेती अकमक्क परी र भनी "अहँ मलाई थाहा छैन ।",

सेती र रामप्यारी दुबै फेरिऔँठी खोज्न लाग्नु,

औँठी हराएको कुरा सासूले थाहा पाउनु,

सासू साह्रै रिसाउनुका साथै नाना थरीका प्रश्नहरु तेर्साउनु,

सासू बुहारीबिच भनाभन,

घाम डुब्न लागेको स्थिति, सेतीले काठको ठूलो सन्दुकभित्र हात हाल्नु, औँठी भेटाउनु, साह्रै खुशी हुनु,

अर्कोतिर, औँठी भेटाएकोमा पनि रामप्यारी खुशी नहुनु किनकि उनले सेतीप्रति शङ्का भावले हेरेकी हुनु,

सासूले सेतीप्रति शङ्का गर्दै त्यस्तो नोकर्नीलाई राख्न नहुने विचार व्यक्त,

## ८.२ तथ्याङ्कको समुच्चय र सामान्य विश्लेषण:

प्रस्तुत कथा 'गोठाले' को सु-प्रसिद्ध कथा हो । यस कथामा एउटा सामान्य विषयवस्तुलाई पहाड बनाइएको छ । पात्रहरु थोरै छन् । रामप्यारी, सेती, रामप्यारीकी सासू आदि यस कथाका पात्रहरु हुन् । एक दिन कसरी हो कुन्नी सुनको औँठी हराएछ । रामप्यारीले घरभरि पुरै खोजिन् । जहाँ जहाँ उनी आफू गएकी थिइन् सबै ठाउँ गइन् तर औँठी भेटिएन । धाराबाट फर्किंदा हरिज्यानचाले देखेकी थिइन् । यति मात्र होइन की उनले औँठीमा बेस्सरी हेरिकी थिइन् । हरिज्यानचाको आँखा लागेको शङ्का समेत गरियो । फेरि घरमा भएका बाकस, ओछ्यान, कपडाहरुलाई ओल्टाइ पल्टाई औँठी खोजिन् तर औँठी पाइएन् । रामप्यारीले नोकर्नी सेतीलाई बोलाएर औँठीको बारे सोधिन तर सेतीले आफूलाई थाहा नभएको कुरा व्यक्ति गरिन् । दुबै जना मिलेर खोजे तापनि भेटिएन् । औँठी हराएको कुरा सासूलाई जानकारी भयो । उनी साह्रै रिसाइन् नानाथरीका कुरा गरिन् ।

सासू-बुहारीको एक आपसमा भनाभन भयो । घाम डुब्न लागेको बेला सेतीले सन्दुकमा हात हालिन् र त्यही भित्र औँठी भेटाइन् । दौडँदै गएर मालिक्नीलाई दिइन् । यस घटनाबाट सेती आफू निर्दोष भएको ठानी साह्रै खुसी भइन् तर रामप्यारीलाई कुनै आनन्द भएन । रामप्यारीले वीर देखाउने बित्तिकै डरले भुत्तिछ भन्ने सोचिन् । अन्तमा सासूले समेत यस्ती नोकर्नीलाई घरमा राख्न नहुने विचार व्यक्त गरिन् ।

## ८.३ निम्न आधारमा शैली वैज्ञानिक विश्लेषण:

### ८.३.१ चयन :

कथाकारले यस कथामा चयनको व्यवस्था कस्तो गरेका छन् भनी बुझ्न उदाहरणको लागि एउटा कथा अंश यहाँ उल्लेख गरिएको छ ।

'लाएको औँठी त कही जानु नपर्ने । 'हरायो' भन्ने निश्चय अझै पनि गर्न सकेकी थिइनन् । तसर्थ खुब गौर गरेर सम्झने कोसिस गर्न थालिन्- कहाँ कहाँ गए फुकालैं कि फुकालिन ।'

शायद यो कुरामा सासुको पनि समर्थन भयो । केही बोलिनन्, आँखा तरेर, अजीबको मुद्रा बनाएर सेतीलाई हेर्न थालिन् । दिदीको अङ्गप्रत्यङ्ग सब शिथील भइसकेको थियो । झयालको खापामा टाउको अडाउर बाहिर शून्य दृष्टिले हेर्न थालिन् । आँखा रातो रातो, पहेंलो पहेंलो थियो, मानो द्येष र शङ्काको खटिरा मात्र फुट्न मात्र बाँकी थियो । दिदीको खाने मुख अलि लामो छ, त्यौ मुख कहिले आँ हुन्थ्यो र फेरि आपसमा त्यो दुई ओट च्याप्प टाँसिन्थ्यो । यसबाट अरुप्रति घृणा तिनको अनुहारबाट टप्कन्थ्यो ।

त्यतिसम्म भन्दा पनि सेतीले एक शब्द पनि उच्चारण गरिन । उसलाई ईश्वरले सहनको निमित्त बनाएको हो क्यारे । केही नभए पनि यो अपशब्द र अप्रकाशित प्रकाशित दोषहरु दालभात भइसकेको थियो । तर चोरीको शङ्काले उसलाई दारुण व्यथा पुऱ्याइरहेको थियो । टाउको फोडुँ कि, के गर्ने ? आर्द्र नेत्रले यताउति हेर्दथी, कहिले सासुको मुख, कहिले बुहारीको, दुबैको मुखको बनावट भिन्ना भिन्नै भए पनि छाप एकै थियो । कसैको मुखमा करुण र सहानुभूतिको भाव झल्कँदैनथ्यो । तैपनि ऊ कुना कुना चाहर्दथी र दश चोटि पल्टाइसकेकी सुकुल राडी कोटयाउँदथी । अहिले उसलाई बार बार अर्द्धविस्मृत आमाको मुख याद आउन लाग्यो, अलक्ष्य र अस्पष्ट बेदना उसको हृदयमा छाउन लाग्यो ।

आमाले पिटेको र साथसाथै माया गरेको याद आउन लाग्यो । त्यो स्मुति आनन्ददायक थियो  र साथै अलभ्य प्रतीत हुनाले दुखःदायक पनि थियो । त्यस वेलाको आमाको प्रचण्ड मूर्ति पनि आँखाको अघिल्तिर आउन लाग्यो । जब त्यो आठ वर्षकी थिई, घैटो लिएर एक दिन पनेरामा गएकी थिई । कुन्नि के गनै लागेको थिई, घैटो कसैले लडाइदिएछ अर्को घौटो थिएन, किन्नलाई न त्यो सित पैसा छ । आमाको मुख पलछिनैमा उग्र भयो र उसले खूव पिटाई खाई रुँदा रुँदा उसको घाँटी सुक्यो । लडिबुडी खेल्दा खेल्दा उसको आङ्ग दुख्यो । आमाको मुखमा केही बेरपछि कोमलता र व्यथा छायो ।

**८.३.२ अग्रभूमि - निर्माण :**

**८.३.२.१ समानान्तरताः**

कहाँ कहाँ गएँ, फुकालेँ कि फुकालिन ।

के भन्ने, के गर्ने ।

सोद्धा सोद्धै 'कलाई दिइस्', भन्नसम्म बाँकी राखिनन् ।

आमाले पिटेको साथसाथै माया गरेको याद आउन लाग्यो

हरायो त मेरै हरायो ।

**८.३.२.२ विचलन :**

कोठा भित्रको आलोकले गिज्याइ रहेको प्रतीत हुन्थ्यो ।

औँठी हराएको सुन्नासाथ तिनको हल्लिरहेको मगज छिन्न-भिन्न भयो (अर्थ-विचलन)

## ८.४ विविधता :

सासू बीचबीचमा चिच्याउँथिन्, के होला

## ८.५ पात्र वर्गीकरण

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्त्री | पुरुष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्च | बद्ध | मुक्त |
| रामप्यारी | + | - | + | - | - | + | - | - | + | - | + | - | + | + | - |
| सासू | + | - | - | + | - | - | + | + | - | - | + | - | + | + | - |
| सेती | + | - | - | + | - | - | + | - | + | + | - | - | + | + | - |
| सचनचा | - | + | - | - | + | - | + | - | + | - | + | + | - | - | + |
| हरिज्यानचा | - | + | - | - | + | - | + | - | + | - | + | + | - | - | + |

## ९. भय

### ९.१ भय कथाको तथ्याङ्क सङ्कलन :

दिन वित्यो, रात पर्न थाल्यो, सन्ध्याले आफ्नो पखेटा फिजायो, लुरेले लामो साम फेऱ्यो,

बाँच्नु र मर्नमा लुरेले कुनै अन्तर नदेख्नु,

लुरेद्वारा आफ्नी स्वास्नीप्रति असन्तोष व्यक्त,

विवाहपूर्व सालीसँग गरेका कुराहरुको स्मरण,

लुरेद्वारा आत्महत्याको प्रयास,

जुम्रेले लुरेको जागिर खोसाइ दिएको,

क्तोधले काँप्दै काँप्दै चिच्याउन लागेका,

जुम्रेलाई मार्न उत्प्रेरित गरिरहेका,

जुम्रेले लुरेसँग पैसा भाग्दा नदिएकोले तिनीहरुबिचमा भनाभन भई शत्रुता बढ्नु,

यसै कारणले लुरेको जागी खोसाउन जुम्रेले सहयोग गरेको,

लुरेको जागीर खोसिएपछि उसको कमाई शून्य हुनु, घरवार चलाउन गाह्रो,

कानमा मुन्द्री लगाएको केटो देखिनु,

त्यो केटालाई काटेर मुन्द्री लिने योजना रच्नु,

अन्तमा लुरेद्वारा त्यो निर्दोष ठिटा मारिनु, डरले मुन्द्री नलिई भाग्नु,

## ९.२ तथ्याङ्कको समुच्चय र सामान्य विश्लेषण:

गरिबीको कारणले मानिस कसरी आपराधिक क्रियाकलापमा लाग्दो रहेछ भन्ने कुराको सन्देश यस कथाले दिएको छ । यस कथाका पात्रहरु लुरे, जुम्रे, कृष्णमान आदि हुन् । गरिबीको कारणले लुरेको जीवन, घरपरिवार अस्तव्यस्त छ । बाँच्नु र मर्नुमा उसले कुनै अन्तर देखेको छैन । सोही गरिबीको कारणले गर्दा लुरे र उसको स्वास्नीबिच राम्रो सम्बन्ध देखिएको छैन् । स्वास्नीप्रति असन्तोष व्यक्त गरेको छ । विवाहपूर्व सानीसँग गरेका कुराहरुको सम्झनामा फूल्न चाहन्छ । गरिबीले उनलाई आत्महत्या समेत गर्न उत्प्रेरित गरेको देखिन्छ । जुम्रेले लुरेसँग पैसा सापट माग्दा नदिएको विषयलाई लिई तिनीहरुबिच झगडाको सुरुवात हुन्छ । जुम्रेले लुरेको जागिर खोस्न सहयोग गरेको देखिन्छ । सोही रिसले लुरेले जुम्रेलाई मार्न प्रयास गर्न चाहन्छ । लुरे बेरोजगार हुँदा आम्दानी नभई घर व्यवहार चलाउन गाह्रो पर्छ । जीवन जिउन गाह्रो छ । तसर्थ उसले बाँच्न र परिवारलाई बचाउन एउटा ठिटोलाई मारी उसको मुन्द्री लिने प्रयास गर्छ । उसलाई मारेपश्चात मुन्द्री नै लिन नसकी भयले भाग्छ

## ९.३ निम्न आधारमा शैली वैज्ञाानिक विश्लेषण:

### ९.३.१ चयन :

यस कथामा कथाकारले चयनको स्थिति कस्तो छ भनी बुझ्न यहाँ केही अनुच्छेद नै साभार गरिएको छ ।

सन्ध्यानको कोलाहल, चराहरु चिरचिरी गर्दै गैंडामा गएर बसे । वृक्षहरु अरु हल्लिँदै थिए । सुदूरबाट देवलका घण्टाहरु ट्वाङ्ङ ट्वाङ्ङ गर्दै बजिरहेका थिए ।

यो, जम्मै गर्ने गराउने जुम्रे ।

लुरे लुरुलरु टाउको निहुराउँदै अघि बढयो, विचार गर्दै-काटुँ कि नकाटुँ... के स्वास्नी--हेरौंला ।

उसले खुकुरी समातेर यस्तो टाउको निहुरायो मानो ध्यान दिएर सुनिरहेको जर्जर आवाज, "मलाई रगत ख्वा रक्तकालीको ।"

ऊ अगाडि बढयो । केही कतै आवाज थिएन, खालि उसको पैताला बजिरहेको थियो । पानी जमिरहेको ठाउँमा छयाम छयाम...छयापलाङ्ग । ऊ अझ अगाडि बढ्यो । तीन वटा घरहरु एक लाइन भएर ठिङ्ग उभिएर रहेको ठाउँमा ऊ आइपुग्यो । एउट घरको पसलमा अझ बत्ती पिलपिल बलिरहेको थिए । पसलभित्र साहु कृष्णमान फूर्तिसाथ हुक्का गुडगुडाएर बसिरहेका थिए । चारैतिर  खण्ड खण्ड पीठो, चामल, दाल इत्यादि अनाजहरु राखिएका थिए । टुकीको धमिलो उज्याल्योमा कृष्णमानको रातो आँखा लुरेले देख्यो ।

लुरेलाई झोक चल्यो र बडबडायो,- "बोर कति ठग्दो हो कुन्निअस्ति बाटोमा बेइज्जती नै गरिदियो... यसैलाई नै काट्नुपर्ने यसको पैसा कहाँ जाला र... त्यसको पैसा खाएर बस्छु । तर एकै छिनमा सारा झोक निराशमा गएर परिणत भयो, के गरुँ दिया जागीर पनि कम थिएन, आठ दश रुपियाँ कमाउन पाइन्थ्यो ।" त्यहाँबाट पनि ऊ अगाडि बढयो । यताउति सशङ्क दृष्टिले हेर्दै अगाडि बढयो । एउटा ठिटा गुनगुन गीत गाउँदै छाता नचाउँदै गइरहेको थियो ।

लुरेले त्यो ठिटालाई भेट्टाउनै आँटेको थियो, बिजुली झिलिक्क चम्क्यो लुरेले त्यस ठिटाको दुइटै कानमा कुण्डिरहेको मुन्द्री देख्यो । झिलिक्क प्रकाश लुरेको हृदयभित्र नशा-नशाभित्र पर्‍यो । सुनको मुन्द्री झलझल झल्केको क्या राम्रो । लुरेको खुट्टा काँप्यो । भित्र-भित्रै निर्णय गर्न खोज्यो, झिकुँ कि खोसुँ ?"

**९.३.२ अग्रभूमि -निर्माण :**

**९.३.२.१ समानान्तरताः**

वृक्षहरु पनि क्रोधले काँप्दै काँप्दै चिच्याउन लागेका छन्

उसले बार बार भन्न थाल्यो ।

रिमझिम रिमझिमको साथै उसको हृदयमा उहिलेको गीत सम्झना भयो

**९.३.२.२ विचलन :**

घरहरु पनि गइरहेका

सन्ध्याले आफ्नो पखेटा फिजायो (अर्थ-विचलन)

**९.४ विविधता :**

खबरदार, देखा जायगा

मलाई रगत ख्वा रक्तकालीको

**९.५ पात्र वर्गीकरणः**

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्त्री | पुरुष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्च | बद्ध | मुक्त |
| लुरे | - | + | + | - | - | - | + | + | - | + | - | - | + | + | - |
| जुम्रे | - | + | - | + | - | + | - | - | + | - | + | - | + | + | - |
| कृष्णमान | - | + | - | - | + | - | + | - | + | - | + | - | + | - | + |

## १०. एक घटना

### १०.१ एक घटना कथाको तथ्याङ्क सङ्कलन :

म पात्रले ऊ पात्रलाई चिनेको छैन,

म पात्रले उसलाई पाटीमा सुतिरहेको देख्नु,

ऊ पात्रका ज्योतिहीन तीब्र आँखाले सारा विश्वको सौन्दर्य र कुरुपता हेरेको झैँ लाग्नु,

पहिले गोरो वर्णको 'ऊ' पात्र आजभोलि दुब्लाएर चाउरी परेको देखिनु,

उसले असम्बद्ध कुरा गर्ने भएकोले उसलाई सबैले बौलाहा भन्नु,

उसका क्रियाकलाप पनि बौलाहा सुलभ देखिनु, जस्तैः बोल्दै नबोल्ने, बोल्न थाले बोलिरहने, मानिसहरुलाई ढुङ्गाले हिर्काउने, सिट्टी बजाउने आदि,

मानिसहरु बौलाहा देखेर मोहित हुन्छन् किनकि बौलाहा उनीहरुको आनन्दको साधन बन्नु,

म पात्रले बौलाहा (ऊ पात्र) प्रति सहानुभूति भाव देखाउनु,

ऊ कसैसँग माग्दैन्थ्यो बस दयालुहरु उसलाई खाने कुरा खुवाउने गर्थे,

कहिले काहीँ ऊ नयाँ सफा लगाएर हिड्थ्यो,

कसैले लुगाको बारेमा सोधेमा तेरो बाजेले तेरो बराजुले दिएको भनी जवाफ दिनु,

एक दिन 'कर्मवीर' भन्ने मान्छेको स्वास्नीलाई बौलाहाले समातेछ । कर्मवीर बौलाहालाई हान्न खोज्थ्यो तर मान्छेहरु उसका हातहरु रोक्थे,

अर्को दिन बौलाहाले म पात्रको हात समाती खेतको बिच बिचबाट लगेर एउटा ठाउँमा अडायो, खाल्डो, हिलै हिलो मुछिराखेको ठाउँ देखायो । हाँसौ भने म

पात्रलाई डर लाग्यो । त्यसपछि एक हात जति अग्लो थुप्रोलाई आफ्नो घर पनि चिनायो । बबुवाले खुब राम्रो छ भनी प्रशंसा गऱ्यो र बेस्सरी हाँस्न थाल्यो । यस पटक बौलाहा पनि हाँस्यो,

बौलाहाले आफूलाई बौलाहा भन्छन् तर आफूले घर बनाईसकेको भन्नु । स्वास्नी ल्याउने, उसले भात पकाउने कुराको कल्पना गर्नु,

अन्तमा बौलाहा आफ्नो घरतिर गयो र आफ्नो घरलाई खुट्टाले क्षणभरमै भताभुङ्ग पाऱ्यो र मैले र बबुवाले हेरी रहयौं,

## १०.२ तथ्याङ्कको समुच्चय र सामान्य विश्लेषण:

कथाकारले यस कथामा एकदिनको घटनालाई वर्णन गरेका छन् । म पात्रले ऊ (बौलाहा) लाई चिनेको छैन । ऊ पाटीपौवामा देखिन्छ । पहिले ऊ गोरो भएपनि हाल दुब्लाएर चाउरी परेको छ । असम्बद्ध कुरा गर्ने हुँदा उसलाई सबै बौलाहा भन्छन् । हुनपनि उसका क्तियाकलाप बौलाह सुलभ नै देखिन्छन् । उसले बोलेपछि बोलिरहन्छ, कहिलै बोल्दै बोल्दैन । ढुङ्गाले अरुलाई हिर्काइदिन्छ । सिट्टी बजाइ दिन्छ । सबैजना उसलाई देखेर मोहित हुन्छन् । उसलाई आनन्द लिने साधन बनाइ रहेका छन् । म पात्र भने बौलाहाप्रति सहानुभूति राख्दछन् । ऊ कसैसँग माग्दैनथ्यो । कसैले केही दिएकमा ऊ धन्यवाद भन्न चाहँदैन्थ्यो । कहिल्यै सफा लुगा लगाएर सहर घुम्न जान्थ्यो । एक दिन कर्मवीरको स्वास्नीलाई समाति दिन्छ । कर्मवीरले उसलाई पिट्न खोज्दा अरु मानिसहरुले उसको हात रोकी दिन्छन् । अर्को दिन बौलाहाले म पात्रको हात समातेर खेतको बिचबिचबाट एउटा नयाँ ठाउँमा लिन्छ । अग्लो थुप्रोलाई आफ्नो घर भनी देखाउँछ । अब अफूले स्वास्नी ल्याउने कल्पना गर्छ । त्यसपछि बौलाहा आफ्नो घरमा गई खुट्टाले क्षरभरमै घर भत्काइ दिन्छ ।

## १०.३ निम्न आधारमा शैली वैज्ञानिक विश्लेषण:

### १०.३.१ चयन :

यस कथामा कथाकारको चयनको स्थिति यस्तो छ- ऊ कसैसित भिख माग्दैनथ्यो । तसर्थ उसलाई दयावान भावुकहरुले दही-च्युरा ख्याउने गर्थे । ऊ खाएर न कृतज्ञता प्रकट गर्दथ्यो न केही भन्दथ्यो । मानौ यी सब दयामाया उसका निमित्त साधारण कुरा, विशेष केही होइनन्, किन कि यो त दुनियाँमा पाउनुपर्ने कुरै हो । ख्वाउने मान्छे अलि निराश भएर फुस्रो मुख लिएर बस्दथे ऊ आफनो बाटो तताउँथ्यो ।

म उसलाई दिनका दिन भनेजस्तै देख्दथें । ऊ धेरै जसो त्यही पाटीमा बस्ने त्यतैतिर डुल्ने गर्दथ्यो, जुन मेरो टोलको नजिकै थियो ।

एक दिन हाहा र हुहुको हल्लागुल्ला सुनें । झटपट आफ्नो कोठाको झ्यालबाट हेरेँ । घरवाट केही टाढा धारा थियो । त्यही धारातिर मान्छेहरुको एक हुल कराइरहेको, हात हल्लाइरहेको देखेँ यो पनि देखें हूलको बिचमा एउटा मान्छेले अर्को मान्छेलाई मुक्की उचाल्दै ठोकिरहेको थियो ।

बाटोमा हिंडेको एउटा मान्छेलाई सोधें, त्यहाँ केको हल्ला ?

उसले झटपट आनन्दित हुँदै हाँस्तै भन्यो, त्यो बौलाहा के त्यही, त्यसले धारामा पानी लिन आएकी एउटी तरुणी ठिटीलाई समातेछ । बौलाहा त निकै पो रहेछ अझ पनि... । यति भनेर ऊ जोडसित हाँस्न लाग्यो ।

म झटपट तल ओह्लेर त्यस आनन्दमा सरिक हुन दौडें ।

मान्छेहरुले त्यस बेलासम्म त्यो मान्छेको हातबाट बौलाहालाई छुटाइसकेका थिए । मान्छेको नाम कर्मवीर थियो । उसैको स्वास्नीलाई भर्खर बौलाहाले समातेको थियो । कर्मवीर हात हल्लाउदै टोलै थर्कने बौलाहा भनेर छोडिराखेको त मातिंदो पो रहेछ । जथाभावि गरेर हिंडनेलाई पनि बौलाहा

भन्दछन् कतै ? त्यही नजीकको घरको बिचमा बौलाहा दोषी भएर लुत्रुक्क उभिरहेको थिई । स्वास्नीमान्छे । त्यस बेलासम्म घरभित्र भागिसकेकी थिई । मान्छेहरुको घेराको बिचमा बौलाहा दोषी भएर लुत्रुक्क उभिरहेको थियो । उसले विषादभरि नेत्रले चारैतिर ताक्यो । उसको मुखमा पश्चातापको भाव झल्कन्थ्यो र साथसाथै दुःख पनि । मान्छेहरु कोही बौलाहाको करतूत र ढाँचा देखेर हाँस्दथे, फुसफुस आलोचना गरिरहेका थिए । कोही अश्लील कर्मवीर मुक्की उज्जाउँदै दाह्र किट्दै बौलाहामाथि जाइलाग्न खोज्दथ्यो,

**१०.३.२ अग्रभूमि - निर्माण :**

**१०.३.२.१ समानान्तरताः**

चाहे दुखान्त होस्, चाहे सुखान्त, आनन्द त हुन्छ ।

उसको नसैनसा भएको हातमा एक अजीवको प्राकृतिक शक्ति थियो ।

उसले खेतको बिच बिचबाट लियो ।

**१०.३.२.२ विचलन** : (विचलनको स्थिति छैन)

**१०.४ विविधता :** (विविधताको स्थिति देखिँदैन)

**१०.५ पात्र वर्गीकरणः**

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्त्री | पुरुष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्च | बद्ध | मुक्त |
| म | - | + | + | - | - | + | - | - | + | - | + | - | + | + | - |
| ऊ | - | + | + | - | - | - | + | + | - | + | - | - | + | + | - |
| बबुवा | - | + | - | - | + | + | - | - | + | - | + | + | - | - | + |

## ११. कृष्णे र खुकुरी

### ११.१ कृष्णे र खुकुरी कथाको तथ्याङ्क सङ्कलन :

दलबहादुरले भर्खर मात्रै एउटा नयाँ खुकुरी किनेर ल्याउनु,दलबहादुरले खुकरी चलाएको देखेर कृष्णे भित्रभित्रै डराउनु,

कृष्णले हातमा खुकुरी लिएपछि नाडीका रौं खौरन खोज्दा हातै हाट्न मन लाग्नु,

खुकुरी दलेलाई दिनु,

कृष्णेलाई खुकुरी किन्ने विचार आउनु,

साँच्चिकै खुकुरी किन्नु,

खसी काट्ने, स्वास्नीको घाँटी काट्ने कल्पना गर्नु,

अन्त्यमा स्वास्नी सुतेको बेला स्वास्नीको घाँटी काट्नु,

### ११.२ तथ्याङ्कको समुच्चय र सामान्य विश्लेषण:

कृष्णे अतिभावुक तथा विवेक शून्य व्यक्ति हो । दलबहादुरले एउटा नयाँ खुकरी भर्खरै किनेर ल्याएको थियो । दलेले खुकुरी चलाएको देखेर कृष्णे भित्रभित्रै डरायो फेरि कृष्णेले हातमा खुकुरी लिएपछि नाडीका रौं खौरन खोज्दा हातै हाट्न मन लाग्यो । उसले आफ्नो मानसिक दुर्वलता थाहा पाएर खुकुरी दलेलाई दिएर त्यहाँबाट हिड्यो । उसलाई खुकुरी हातमा परेपछि आफै फेरिन सक्ने अरुलाई च्वाट्टै काटि दिन सक्ने डर भयो । यसरी विचार गर्दा गर्दै उसलाई एउटा खुकुरी किन्न मन लाग्यो र साँच्चिकै किन्यो पनि । त्यसपछि कहिले खुकरी लुकाएर र कहिले खुकुरी लिए खसी काट्ने, स्वास्नीको घिच्रो

काट्ने कल्पनामा रमाउन थाल्यो । अन्त्यमा स्वास्नी सुती रहेको बेला स्वास्नीको घाँटी छिनालिदिन्छ ।

त्यसैले बुद्धि नहुनेले खुकुरी भिर्नु हुँदैन । योग्य व्यक्तिको हातमा शक्ति भएन भने त्यो दुरुपयोग हुन सक्छ ।

## ११.३ निम्न आधारमा शैली वैज्ञाानिक विश्लेषणः

### ११.३.१ चयन :

यति भनेर खुकुरीलाई उचालेर खसी काट्ने कल्पना गर्‍यो । कृष्णले कपाल नजिकै अलि माथि चमचम चम्कने खुकुरी काटुँ काटुँ भने झैँ झुलिरहेको छ । दलबहादुरले एउटा नयाँ खुकुरी भर्खर मात्रै किनेर ल्याएको थियो । कृष्णेको अघिलतिर दापबाट सर्रर झिकेर नङले धारमा टिङ्ङ टिङ्ङ गरेर जाँच्यो । अनि हातको रौँ खौर्‍यो । कृष्णले सशङ्क दृष्टिले दलबहादुरको हरेक क्तिया, अनुहार, खास गरेर आँखालाई निहारिरहयो । दलेले भन्यो, “यो खुकुरी कमको छैन, तिन रुपियाँले सस्तैमा पाएको हुँ ।”

झटपट सम्हालिएर एक चोटि दलबहादुरतिर हेर्‍यो र खुकुरीलाई हावामा ओल्टायो पल्टायो । दले धेरै टाढा थिएन केहि गरेर दलेको खप्परमा बजाइहाल्यो भने ऊ खुत्रुक्क हुन्छ ।

उसले आफ्नो सोचाइको ढल्काइलाई सोझो पार्‍यो र आफै आफ हाँस्तै विचार गर्‍यो, “यो त सोच्यासम्म पो, के हुँदो हो ।”

उसले फेरि आफ्नो नाडीको रौं खौरन खोज्यो । खौरन खोज्दा हात काट्न पन लाग्यो । खुकुरीलाई बल दिएर समात्यो, हातलाई मनको विरुद्ध अड्डी कसाउन खोजेझैँ तन्कायो , फेरि आफ्नो मनको कमजोरी अनुभव गरेर खुकुरी झटपट दलेको हालमा राखिदियो । आफ्नो कमजोरी देखेर हो कि

दलेतिर खिस्स हाँस्यो र अकस्मात् भन्यो मलाई एक ठाउँमा जानुपर्ने, अवेर भयो, बिर्सिरहेको ।

यति भनेर दलेको बचनको प्रतीक्षा नगरेर लामो लामो पाइला गरी हिडिहाल्यो ।

दलबहादुर वाल्ल परेर हेरिरहयो, कही बुझ्न सकेन बाटोमा कृष्णे आफु देखि आफै शरमाउँदै हिडिरहेको थियो । ऊ मानसिक बिज्ञानलाई सोच्तै हिडिरहेको थियो । केही गरेर दलेले बजाईहालेको भए लसको घाँटी चटक्क छिनिन्थ्यो । हिर्काउन के बेर र? हुन त दले र उसमा केही रिसराग छैन । तैपनि उसले काट्छु भनेर हिर्काउदैन । खुकुरी नै यस्तो चिज हो त्यो हातमा परे पछि कसै माथि बज्रन खोज्छ । फेरि उसको पनि आफै माथि के बिश्वास र । जब खुकुरी समातेको थियो, आफ्नै घाँटी सैँरुला भन्ने डर भएको थियो । मान्छेको ज्यान त हो नि । एकै चोटि खुकुरीको स्यानै मात्र मार परे पनि गयो । मान्छे भन्ने जात नै निर्धो ।

तर दलेलाई केही छैन । दापबाट खुकुरी गोजीबाट सुर्ति झिकेकै झिक्छ । खेलौना खेलाएकै खेलाउछ । मुला काटेझै खसी काट्छ । खुकुरी  धुन्छ, फेरी राख्छ । यहाँ पुगेपछि उसको बिचार रोकियो ।

यस उद्धरणबाट यस कथामा प्रयोग भएको चयन व्यवस्थालाई केलाउन सकिन्छ ।

**११.३.२ अग्रभूमि - निर्माण :**

**११.३.२.१ समानान्तरता:**

कृष्णले जस्तै धारमा नङ्ले टिङ्ङ टिङ्ङ गऱ्यो ।

दलेको वचनको प्रतीक्षा नगरी लामो लामो पाइला गरी हिँडी हाल्यो ।

**११.३.२.२ विचलन :-** (विचलनको स्थिति छैन)

## ११.४ **विविधता :-** (विविधता शून्यको स्थिति छ)

## ११.५ पात्र वर्गीकरण:

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्त्री | पुरुष | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्च | बद्ध | मुक्त |
| कृष्णे | - | + | + | - | - | - | + | + | - | + | - | - | + | + | - |
| दले | - | + | - | - | + | + | - | - | + | - | + | - | + | + | - |

**निष्कर्ष :**

कथाकार गोविन्दबहादुरको जन्म वि.सं.१९७२ सालमा काठमाडौंमा भएको हो । उनले थुप्रै कथा, उपन्यास, नाटक, लेखेर नेपाली साहित्यमा विशिष्ट योगदान दिएका छन । आई.एस्सी. सम्मको अध्ययन गरेका मल्लको पहिलो कथा 'त्यसको भाले' हो । वि.सं.१९९७ सालको सारदा पत्रिकामा यसको प्रकाशन भएको हो । उनी त्रिभुवन प्रज्ञा पुरस्कार, भवानी साहित्यिक पत्रपत्रिका पुरस्कार, बेदनिधि पुरस्कार र पाण्डुलिपी पुरस्कारबाट विभूषित भएका छन् । उनका हाल सम्म कथा सङ्ग्रह २००३, कथैकथा २०१६, प्रेम र मृत्यु २०३९, बाह्र कथा २०५२ र जङ्गबहादुर र हिरण्यगर्भकुमारी २०६१ कथा सङग्रहहरु प्रकाशित भई सकेका छन् ।

यसै गरी पल्लो घरको झ्याल (२०१६) र अर्पणा (२०५३) उपन्यास प्रकाशित भएको देखिन्छ । उनको हाल सम्म एक मात्र एकाङ्की सङ्ग्रह 'भोको घर' (२०३४) प्रकाशित भएको देखिन्छ । नाटकको क्षेत्र हेर्दा उनका भूसको आगो (वि.सं.२०१६) च्यातिएको पर्दा (२०१७) र दोष कसैको छैन (२०२७) नाटक कृतिहरु प्रकाशित भएका छन् ।

बाल मनोविज्ञानको प्रयोग, सामाजिकता, बाल जगत्का समस्याको विश्लेषण, यौन इच्छा र अनुभूतिको चित्रण, पाश्चात्य शैलीको प्रयोग, अपराध मनोविज्ञानको विश्लेषण आदि कथाकार मल्लका कथागत प्रवृत्तिहरु हुन् ।

मल्लको पहिलो सन्तानको रुपमा वि.सं.२००३ सालमा प्रभाकरी प्रेस, कालिका स्थान, डिल्ली बजार काठमाडौँबाट मुद्रित र साझा प्रकाशन ललितपुर नेपालबाट प्रकाशित 'कथा सङ्ग्रह' नामक कथा सङ्ग्रह हाल सम्म पाँचौ पटक संस्करण भई सकेको छ । त्यसको पहिलो संस्करण २००३ क्रमशः दोश्रो, तेश्रो, चौथो, पाँचौ संस्करण २०१३, २०१८, २०३०, २०३२ सालमा भएको देखिन्छ । यस कथा सङ्ग्रहको मूल्य रु.२।६५ पैसा र पृष्ठ सङ्ख्या ७० रहेको छ । यस सङ्ग्रहमा जम्मा आठ वटा कथाहरु रहेका छन् । कथा सङ्ग्रहलाई नियाल्दा शैली वैज्ञानिक दृष्टिकोणले निम्न लिखित निष्कर्षहरुको आँकलन गर्न सकिन्छ ।

अग्रभूमि निर्माण अन्तर्गतको समानान्तरताको अत्याधिक प्रयोग गरेको देखिन्छ,

भय, एक घटना, कृष्णे र खुकुरी कथा वाहेक सबै कथाहरुमा विचलनको स्थिति देखिन्छ, सबै भन्दा बढी अर्थतात्त्विक विचलन रहेको देखिन्छ,

एक घटना र कृष्णे र खुकुरी कथामा विविधता शून्य स्थिति छ,

सबै कथामा पात्रगत अल्पता देखिन्छ,

कथाकारको उपनाम गोठाले भए पनि उनका धेरै जसो कथाको परिवेश सहर रहेको छ,

बाल मनोविज्ञान, अपराध मनोविज्ञानमा रुचि रहेको देखिन्छ,

आकारगत दृष्टिकोणले सबै कथाहरु मध्यम खालका छन्,

यस सङ्ग्रहका सबै कथाहरु रैखिक ढाँचामा रचित छन्,

यस कथा सङ्ग्रहका कथाहरुमा प्रायः जसो आन्तरिक र बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ,

सबै कथामा भाषिक सरलता छ,

परम्परित व्याकरण नियमलाई पछ्याइएको छ ।

अङ्ग्रेजी भाषाको 'स्टाइल' शब्द ल्याटिन भाषाको 'स्टिलस' शब्दबाट बनेको हो । सोही शब्दको नेपाली रुपान्तरण शैली हो । पूर्वमा 'शील' धातुबाट शैली शब्दको निर्माण भएको देखिन्छ । सामान्यतया शैली रचनाकारको रचना प्रकार हो । यो सामान्य नभएर विशिष्ट हुन्छ । यसमा सामान्य भाषाको अतिक्रमण हुन्छ ।

शैलीको वैज्ञानिक अध्ययन गर्ने विज्ञानलाई शैली विज्ञान भनिन्छ । यसले साहित्य शास्त्र र भाषा विज्ञानको समुच्चय रुपलाई जनाउँछ । कुनै पनि कृतिको शैली वैज्ञानिक विश्लेषण गर्दा साहित्यक संरचना, शैली र भाषा संरचनालाई केलाउने गरिन्छ ।

शैलीको विधिवत् वा वैज्ञानिक अध्ययन गर्ने शास्त्र नै शैली विज्ञान हो । भाष विज्ञान र भाषा साहित्यको समन्वयबाट शैली विज्ञानको जन्म भएको देखिन्छ । तसर्थ शैली चयन, संयोजन, विचलन, वितरण, भाषा, अर्थ, कौशल हो ।

शैली वैज्ञानिक अध्ययन/विश्लेषण गर्दा पहिलो चरणमा तथ्याङ्कन, दोस्रो चरणमा, विश्लेषण र तेस्रो चरणमा निष्कर्ष आँकलन गरिन्छ । यसका साथै कृतिको बनोट, बुनोट, शैली भाषा संरचना आदिको माध्यमबाट शैली विश्लेषण गरिन्छ । यस अन्तर्गत शैलीलाई आधार बनाई कृतिमा चयन, अग्रभूमि निर्माण विविधताको स्थितिलाई केलाइन्छ । कृतिको आन्तरिक पक्ष (अर्थ) र बाह्य पक्ष (रुप) को विश्लेषण गर्ने चलन पनि रहेको छ ।

शैली विज्ञान साहित्यिक समालोचनाको नवीनतम विधा हो । समालोचनाका फाँटमा यो नवीनतम विधा भाषावादी सिद्धान्त र पद्धतिका रुपमा देखा परेको छ । शैली विज्ञानलाई भाषा विज्ञानको एउटा महत्वपूर्ण शाखा मानिन्छ । शैली विज्ञान भाषाका विविध प्रयोगहरुको अध्ययन विश्लेषणमा केन्द्रित रहन्छ ।

कुनै भाषिक सङ्कलनमा प्रयुक्त शैलीको रीतपूर्वक अध्ययनद्वारा सो सङ्कलनको मर्मवोध र सौन्दर्यवोध गर्ने समझ उत्पन्न गर्नु नै यसको मुख्य उद्देश्य हो । यसले साहित्यिक कृति वा सङ्कथनको भाषिक आधारबाट विश्लेषण गरी शैलीका माध्यमबाट त्यसमा रहेका क्रियात्मक संवेगहरुको रेखाङ्कन गर्ने र कृतिमा अन्तरनिहित सौन्दर्यको उद्घाटन गर्ने लक्ष्य लिएको छ । यसले साहित्यलाई भाषिक कला मान्दछ । आधुनिक युगमा शैली विज्ञानको आरम्भ गर्ने श्रेय प्रसिद्ध भाषा वैज्ञानिक सस्युरलाई जान्छ ।